जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १०, २०७७ साल असोज ३० गते शुक्रबार, नेपाल संवत् ११४० (Oct. 16, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## सार्वजनिक यातायातको भाडामा मनपरी

काठमाडौं । सार्वजनिक यातायातले सीट क्षमतानुसार यात्रु राखेर पुरानै भाडादर लिनुपर्ने सरकारी निर्णय कार्यान्वयन गरेका छैनन् । राजधानीमा सञ्चालन हुने यातायातले उपत्यका बाहिरमात्र बढी भाडा लिन नपाइने भन्दै ५० प्रतिशत नै बढी भाडा लिइरहेका छन् । यसतर्फ यातायात व्यवस्था विभागले अनुगमन नगरेको यात्रुको गुनासो छ ।

५० प्रतिशतभन्दा पनि बढी भाडा लिने सवारीलाई बाँकी ८ पेजमा

## गोर्खा ब्रुअरीका बियर गुणस्तरहीन

काठमाडौं । गोर्खा ब्रुअरीले मापदण्ड विपरीत विभिन्न ब्रान्डका बियर उत्पादन गरी जनस्वास्थ्यमामाथि खेलबाड गरेको जानकारी गराइएको छ । खेतान समूहद्वारा सञ्चालित तथा गोर्खा ब्रुअरीद्वारा उत्पादित कार्ल्सबर्ग, टुबोर्ग, गोर्खा र सानमिगल बियर मापदण्डविपरीत उत्पादन गरिएको आन्तरिक राजस्व विभागले स्पष्ट पारेको छ । यस्ता उत्पादनलाई विभागले बिक्री वितरण गर्न रोक लगाएको छ । विभागले ती बियरलाई लोकल बाँकी ८ पेजमा

# नेकपामा केन्द्रदेखि प्रदेशसम्मै सत्ता संघर्ष

काठमाडौं । मुलुकमा नेकपाको ओली नेतृत्वको सरकार बनेको तीन वर्ष पुग्नै लागेको छ । यी तीन वर्ष सायद प्रधानमन्त्री ओली आफैंलाई निराशाजनक लाग्नुपर्ने हो । ओलीको सबैभन्दा बढी समय पार्टी अन्तर्कलह व्यवस्थापनमै बितेको छ । 'समृद्ध नेपाल सुखी नेपाली' को कर्णप्रिय नारा दिएको ओली सरकारले देश र जनताका हितमा माखो मार्न सकेको छैन । आम नागरिकमा छाएको घोर निराशाले नेकपाको भविष्यमाथि नै ग्रहण मडारिने आशंका गरिनु गलत हुने छैन । अझ नेकपाभित्रै नेता तथा कार्यकर्ताहरू समेत आत्तिएको स्थिति छ । दुईतिहाई नजिकको बहुमतको सरकारको काममा देखिएको ढिलासुस्ती र गतिहिनताको परिणामस्वरुप अर्को निर्वाचनमा नेकपाकै शर्मनाक पराजय हुने त होइन भन्ने भावना दलभित्रै देखिन थालेको छ । यस्तो स्थितिमा जनसेवाभन्दा पनि नेकपाका नेताहरू सत्ता सञ्चालनमा आफ्नो भाग खोज्न थाल्नुले नेकपा विस्तारै पतनको बाटो उन्मुख देखिएको विश्लेषण गर्न थालिएको छ ।

नेकपा यतिबेला पार्टी होइन, गुटहरूको महासंघ जस्तो देखिएको छ । ओली गुट, नेपाल गुट, खनाल गुट, वामदेव गुट, बादल गुट, नारायणकाजी गुटहरूबीच शक्ति संघर्ष तीव्र छ । विशेषत: ओली गुट र प्रचण्ड गुटको शक्ति



संघर्ष भने हेर्न लायक छ । पूर्व एमाले र पूर्व माओवादी केन्द्र मिलेर नेकपाको गठन भएको २६ महिना बितिसक्दा पनि पार्टी एकीकरणको सम्पूर्ण कर्यभार अझै अधुरो छ । राज्य सञ्चालनमा प्रधानमन्त्री ओलीले लुइ चौधौंकै 'आइएम द स्टेट' को भद्दा अहं शैलीलाई अख्तियार गरिरहेका छन् ।

यता ओलीलाई साइजमा राख्ने राजनीति कसरत अर्का अध्यक्ष प्रचण्डको दौडधुप झनै घनिभूत भइरहेको छ । माधव नेपाल गुट ओलीलाई सर्वसत्तावादी बन्न नदिन प्रचण्ड गुटसँग सहकार्य गरिरहेको छ । यतिबेला यो सहकार्य पनि टुट्ने सम्भावना प्रबल बन्दैछ । प्रचण्ड गुटका कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई हटाउन माधव गुटले सिग्नेचर क्याम्पिङ गरेपछि प्रचण्ड-माधव दूरी बढेको आशंका गर्न थालिएको छ । शाही अविश्वास प्रस्ताव प्रकरणमा प्रचण्डले सिधै प्रधानमन्त्री ओलीलाई मुख्य कसुरदार ठह्-याए पनि ओलीले त्यसको प्रतिवाद गरेका छन् । यति मात्र होइन, प्रधानमन्त्री ओलीले आफ्ना निकटस्थ सुवास नेम्वाङलाई फोन गर्न लगाई अविश्वासको प्रस्तावलाई रोकाएका छन् । माधव नेपाल समूहले कर्णालीमा ओली समूहलाई साथ दिएको छ । माधवकै निर्देशनमा प्रदेश सांसदहरु चलेका हुन् कि आफ्नै स्वविवेकले शाहीको स्वच्छाचारी शैलीविरुद्धमा विद्रोहमा उत्रिएका हुन्, त्यसको वास्तविकता बाहिर आउन बाँकी नै छ । अहिलेलाई भने माधव समूह हस्ताक्षरबाट अलग्गिएको छ । यो सँगै तत्काललाई शाहीको मुख्यमन्त्रीको कुर्सी पनि जोगिएको छ । मुख्य मन्त्री शाही सभामुख लगायत प्रदेश सांसदहरूलाई राजधानी काठमाडौं बोलाएर उत्पन्न विवाद अन्त्य गर्ने ओली माधव प्रचण्डबीचको सहमतिसँगै प्रदेशतिर मडारिएको सत्ता संघर्षको खेल हाललाई मत्थर भएको देखिएको छ ।

विश्व इतिहासमै कम्युनिस्ट पार्टीमा दुई जना अध्यक्षले नेतृत्व गरेको कतै पाईदैन । कतै नदेखिएको परिदृश्य नेकपामा देखियो । पार्टी एकता गर्दा सरकारको नेतृत्व पनि आलोपालो गर्ने बुँदा समावेश गरिएको थियो । तर यस प्रावधानमा प्रचण्ड टिकिरहन सकेनन् । उनले गत मंसिरमा ओलीसँग पार्टी आफूले चलाउने कार्यकारी हैसियतका साथ र ओलीले पाँच वर्ष नै सरकारको नेतृत्व गर्ने भद्र सहमति गरे । तर ओलीले प्रचण्डलाई दिएको कार्यकारी हैसियतलाई वास्ता गरेनन् । उनले पार्टी र सरकार दुबैको लगाम आफैंले खैंचिन थाले । संवैधानिक आयोगहरू र राजदूतहरूको नियुक्तिमा पनि ओलीले प्रचण्डलाई नसोधी निर्णय लिन थाले । सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीका बैठकहरू बोलाइएनन् । प्रचण्ड मात्र होइन, माधव नेपाल, झलनाथ खनाल र वामदेव गौतम समूहले पनि आफूलाई अपमानित महसुस गर्न थाले । यसले नेकपाभित्रको द्वन्द्वले भुसको आगोको रुप लिन थाल्यो ।

माघमा उपत्यकामा वुहानबाट आएका एक कोरोना संक्रमित देखा परे । फागुनमा २ जना संक्रमित देखिए । सरकारले कोरोना नियन्त्रणका लागि भन्दै चैत ११ देखि देश नै पूरै लकडाउन गऱ्यो । लकडाउनका समयमा पनि नेकपाभित्रको शक्ति संघर्ष भने लकडाउन भएन । जब प्रधानमन्त्री ओलीले एक कार्यक्रममा भारतले आफूलाई हटाउन चाहेको र आफ्नै पार्टीका साथीहरू समेत लागेको भनिदिए । नेकपाभित्रको द्वन्द्व सडकमा छताछुल्ल भयो । प्रचण्ड, माधव, झलनाथ, वामदेवहरू एउटै रेखामा उभिए र ओलीलाई अध्यक्ष र प्रधानमन्त्री दुवै पदबाट राजीनामा दिन बाँकी ८ पेजमा

## २१ संगठनको विरोध ¥याली

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) लगायत २१ राजनीतिक पार्टी तथा संगठनहरूले हिजो बिहीबार काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेका छन् । कोभिड १९ को मापदण्डको पूर्ण पालना गर्दै विरोध प्रदर्शन गरिएको सम्बद्ध स्रोतले जनाएको छ ।

२१ राजनीतिक संगठनहरूले एम.सी.सी.को खारेजी, नेपालको वास्तविक नक्साअनुसारको भूभाग हासिल गर्ने र भारतद्वारा गरिएका नयाँ अतिक्रमणको विरोध, कोभिड–१९मा सरकारबाट भएका भ्रष्टाचार, गैरजिम्मेवारीपन आदिको विरोध, नि:शुल्क उपचारको व्यवस्था, भोकमरीबाट पीडित जनताका लागि खाद्यान्नलगायतका न्यूनतम आवश्यकताको परिपूर्ति, अविलम्ब रोजगारीको व्यवस्था, बलात्कार र हत्याजस्ता अपराधको नियन्त्रण र अपराधीमाथि कारवाही आदिको माग गर्दै विरोध प्रदर्शनको आयोजना गरिएको जनाएका छन् ।

राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायत विषयमा कार्यरत एकता गर्दै आएका पार्टी तथा संगठनहरू नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), राष्ट्रिय जनमोर्चा, नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय जागरण मञ्च, जनसमाजवादी पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जागरण परिषद्, नेपाल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा (बोल्सेविक), राष्ट्रवादी केन्द्र, नेपाल, एम.सी.सी. खारेज अभियान, पुष्पलाल अध्ययन समाज, सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी), मार्क्सवादी एकता अभियान, नेकपा (मार्क्सवादी), नेकपा मार्क्सवादी (पुष्पलाल) र ने.क.पा. (माओवादी) रहेका छन् ।

## ९ अर्ब कमिसनमा ओली, प्रचण्ड र देउवा

**२ खर्ब ७० अर्ब रूपैयाँ लागत अनुमानको यो आयोजना निर्माणका लागि आर्थिक वर्ष ०७३/७४ बाट इन्धन बिक्रीमा प्रतिलिटर पाँच रूपैयाँका दरले कर उठाउन थालिएको छ ।**

काठमाडौं । पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले राष्ट्रिय गौरवको आयोजनामा समावेश भएको बुढीगण्डकी जलविद्युत् आयोजनामा ९ अर्ब भ्रष्टाचार गरिएको बताएपछि नेपाली राजनीति नै तरंगित भएको छ । १२ सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजनाको ठेक्का चिनियाँ कम्पनी गेजुवालाई दिँदा प्रधानमन्त्री केपी शर्मा ओली, नेकपा अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति समेत रहेका पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले मिलेर ९ अर्ब कमिसन लिएको प्रमाण आफूसँग भएको भन्दै भट्टराईले बोलेपछि देशका बडे नेताहरूको भ्रष्ट चरित्र सर्वत्र उदांगो भएको छ ।

आफ्नो गृह जिल्ला गोर्खामा भट्टराईले एक सार्वजनिक कार्यक्रममा नामै किटेर आरोप लगाए बुढीगण्डकी आयोजनामा केपी ओली, शेरबहादुर देउवा र प्रचण्डले नौ अर्ब कमिसन बाँडेर खानुभएको छ । यो कुरा प्रमाणित गरे भने त्यो पनि गर्न सक्छु । मुलुकका बहालवाला प्रधानमन्त्री र दुई पूर्वप्रधानमन्त्रीमाथि लगाइएको यो आरोप निकै संगीन छ । आफू प्रधानमन्त्री हुँदा भट्टराईले बुढीगण्डकी जलविद्युत विकास समिति गठन गरेर काम अघि बढाएका थिए । उक्त समितिमा कार्यकर्ता भर्ती गरेको आरोप लागेपछि समिति भंग भएको थियो । त्यसपछि हरेक सरकारले बुढीगण्डकी आयोजनालाई गिजोल्ने काम गरिरहे । एउटा सरकारले दिएको ठेक्का अर्को पार्टीको सरकार आएपछि रद्द गर्ने र फेरि ठेक्का लगाउने काम अझै चलिरहेको छ । भट्टराई आफैं र ओली, प्रचण्ड देउवा प्रधानमन्त्री हुँदा बुढीगण्डकीबारे गरिएका निर्णयहरू विवादित छन् । भट्टराईले समिति नै बनाएर काम अघि बढाउँदा विवाद भएर समिति भंग भएको थियो । पछि ओली दाहाल र देउवा नेतृत्वका सरकारका पालामा चाइना गेजुवा कम्पनी लिमिटेडलाई सुम्पिने र खोस्ने क्रममा भएका निर्णय झन् विवादित छन् । राजनीतिक वृत्तमा राजनीतिक एजेन्डा नमिले पनि भ्रष्टाचार गर्ने र कुम्ल्याउने विषयमा सबै राजनीतिक दलका नेताहरूको सहमति जुट्ने गरेको देखिन्छ । ९ अर्ब कमिसनभित्र भट्टराई भने किन अँटाएनन् भन्ने प्रश्नको जवाफ सायद भट्टराईसँग मात्र छ ।

२ खर्ब ७० अर्ब रुपैयाँ लागत अनुमानको यो आयोजना निर्माणका लागि आर्थिक वर्ष ०७३/७४ बाट इन्धन बिक्रीमा प्रतिलिटर बाँकी ८ पेजमा

## राष्ट्रसंघीय मानव अधिकार परिषद्मा नेपाल

काठमाडौं । राष्ट्रसंघीय मानव अधिकार परिषद्मा नेपाल पुन: निर्वाचित भएको छ । २०२१-२३ का लागि मंगलबार भएको निर्वाचनमा एसिया समूहबाट नेपाल पनि छानिएको हो । नेपालसँगै चीन, पाकिस्तान तथा उज्वेकिस्तान पनि परिषद् सदस्यमा एसियाबाट छानिएका छन् । मानव अधिकारका क्षेत्रमा काम गर्ने यो परिषद् विश्वभर स्वीकृत मानव अधिकार रक्षाका लागि काम गर्ने संस्था हो । नेपालको यसमा भएको प्रतिनिधित्वले विश्व समुदायले नेपालको मानव अधिकारको अवस्थाप्रति सन्तोष व्यक्त गरेको देखिन्छ । नेपालले देशभित्र र बाहिर पनि परिषद् सदस्यका रुपमा मानव अधिकारका क्षेत्रमा काम गर्नुपर्ने थप दायित्व र भूमिका यसले प्रदान गरेको छ ।

४७ सदस्य रहने परिषद्मा यो पटक १५ सदस्य बाँकी ८ पेजमा

## भ्रष्टाचारका विषय किन छोडे केसीले ?

काठमाडौं । ६ बुँदे माग राखेर जुम्लाबाट अनसन सुरु गरेका चिकित्सा शिक्षा एवं स्वास्थ्य सेवा सुधारका अभियन्ता डा. गोविन्द केसीले २८ दिनमा अनसन तोडे । सरकारसँग ८ बुँदे सहमति भएपछि केसीले शिक्षण अस्पताल महाराजगन्जमा अस्पतालकै एक दलित कर्मचारीको हातबाट जुस पियर अनसनको अन्त्य गरे । सुरुमा केसीका माग सुन्नै नताहेको सरकारले व्यापक जनदबाब र चिकित्सकहरूको आन्दोलनका अघि झुक्न बाध्य हुनुपऱ्यो । केसीले उठाएका मागहरू आम नेपाली जनताका माग थिए । उनले उठाएका ६ बुँदे मागमध्ये बुँदा नं. ६ सम्बन्धी माग भने सम्बोधन भएको पाइदैन । यो मागमा उनले भ्रष्टाचारको विषय उठाएका थिए । सरकारसँगको ८ बुँदे सहमतिमा भ्रष्टाचार छानविन र कारवाहीसम्बन्धी माग उल्लेख छैन ।

ललितनिवास जग्गा प्रकरण, वाइडबडी घोटला, बाँकी ८ पेजमा

## अखाद्य वस्तु बजारमा

काठमाडौं । दशैं तिहार र छठ पर्व नजिकिएसँगै बजारमा मानिसहरूको चहलपहल बढ्दो छ । विगतमा जस्तो बजारमा भीडभाड नदेखिए पनि अत्यावश्यक वस्तुहरूको किनमेल गर्न मानिसहरू डराइ डराइ बजार छिरिरहेका छन् । खाद्यान्न, तेलहन, दाल, गुडागुडी र हैसियत अनुसारका लत्ताकपडाको जोहो त गर्नैपऱ्यो । यसपटकको दशैं सर्वसाधारणको लागि दशा बनेर आएको प्रतीत हुन्छ ।

६ महिना लामो लकडाउन / निषेधाज्ञाले जनजीवन चौपट भएको छ । लाखौं मानिसहरू बेरोजगार भएका छन् । रोजीरोटी खोसिएको छ । सामान्य व्यापार व्यवसाय गर्नेहरूको हालत खराब भएको छ । घरभाडा र पसलभाडा तिर्नका लागि खोलिएका पसलहरू ग्राहकको प्रतिक्षामा देखिन्छन् । यस्तो टिठलाग्दो अवस्थाकै बीच सरकारले सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ तर पसलमा राखिएका खाद्य सामग्रीहरू भने गुणस्तरहीन र उपभोग गर्न नमिल्ने भेटिएका छन् ।

सरकारको पूर्ण स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले 'डेट एक्सपायर' नराखी खाद्य सामग्री प्याकेजिङ गरेर बिक्री वितरण गरिरहेको पाइएको छ ।

बजार अनुगमनका क्रममा महानगरपालिकाको कृषि विभागले यो गल्ती पत्ता लगाएको हो । आम नागरिकका लागि गुणस्तरीय सामान उपलब्ध गराउन प्रतिबद्ध सरकारी विभाग नै जब अखाद्य सामग्री बिक्री गर्छ भने अन्य निजी व्यापारीहरूले झन् के गर्लान् ? बजार अनुगमनकै क्रममा कृषि विभागले केही दिनअघि विशाल ग्रुपले रिलेवलिङ लगाएर मिति गुम्रेका करोडौं मूल्यका खाद्य सामग्री बजार पठाउन ठीक पारेको अवस्थामा गोदाममा छापामारी नियन्त्रणमा लिएको थियो । अहिले सरकारी संस्थानले नै सडेको चामल उपभोक्तालाई बिक्री गर्नुले सरकार जनस्वास्थ्यप्रति संवेदनशील नरहेको प्रस्ट हुन्छ । बाँकी ८ पेजमा

## इवाका खड्गप्रसाददेखि प्रधानमन्त्री केपी ओलीसम्म

**समय-सन्दर्भ**



**पूर्ण ओली (पूर्वमहासेनानी)**

गरिब भएकै कारण आफ्नो परिवार अरबाट हेपिनु परेको अनुभव भोगेका खड्गप्रसाद धनिमानिको थिचोमिचोको प्रतिकार गर्न पछि पर्दैनथे । पहाडको गरिबीको कष्टकर जिन्दगीबाट पार पाउन केटौले अवस्थामा खड्गप्रसाद तराई झरे । काम गर्दै अध्ययन गर्न झापा चारपानेमा रामनाथ दाहालको घरमा बस्ने अवसर मिल्यो ।

वामपन्थी सिद्धान्त अपनाएका रामनाथ दाहालको शिक्षादिक्षाले खड्गप्रसाद युवावस्थामै वामपन्थी विचारधारामा पारंगत हुँदै गएका थिए । नाता पर्ने भएकाले रामनाथ दाहलको घरमा म स्वयं २/४ चोटि विद्यार्थी कालमा झापामा घुम्न गएको बेलामा पुगेको छु । त्यतिखेर रामनाथ दाहाल कम्युनिस्ट हुन् भन्ने मलाई थाहा थिएन । शोषक सामन्तीको विरोध र गरिबको पक्षमा बलियोसँग बोल्न सक्ने केपी प्रशासनको आँखाको कसिंगर बन्दै गएका थिए । त्यसैको केही समयपछि झापामा किसानको हितमा जमिन्दारको विरोध भन्दै कम्युनिष्टले गरेको वर्ग सफायको नाममा चलाएको हत्याकाण्ड शुरु भयो । यसले सर्वसाधारणमा त्रासको वातावरण जन्मायो । त्यतिखेर जमिन्दार धनि भनिएका मध्यम वर्गका केही व्यक्तिको हत्याको सिलसिलामा भूतपूर्व रा.प.स. धर्मप्रसाद ढकाल र उनका छोरालाई मारेपछि भोलिपल्ट म पनि उनीहरूको घरमा पुगेको छु । उनीलाई मारेपछि सरकार कढाइका साथ हत्याराको खोजिमा लाग्यो । छोटो समयमा उनीहरूका विरोधी गाउँलेहरूको सहयोगमा प्राय: सबै हत्याराहरू पक्राउ परे । पंचायती व्यवस्थाका सशक्त प्रसासनले छोटो समयमा यसका प्राय: सबैजसो नेताहरू पकाउ परे । सुरुमा खड्ग ओली भाग्न सफल भए पनि पछि रौतहटमा पकाउ परे । शायद शुरुमै उनी पनि पकाउ परेका भए अरु साथीहरूसँग उनी पनि सुखानीको जंगलमा सहिद भइसक्ने थिए होलान् ।

झापा हत्याकाण्डमा संलग्न कम्युनिष्टहरू जेलमा परिसकेपछि उनीहरूको वर्ग सफाय गर्ने कार्य रोकिएर त्यसलाई सुधार गर्दै शान्तिपूर्ण तरिकाले संगठनमा लाग्नथाले । २०४६ सालमा आएको बहुदलीय व्यवस्थापछि आममाफीका कारण लामो समय जेल जीवन बिताएर दलीय व्यवस्थामा होमिएको माले पार्टी पछि एमाले हुँदै लोकप्रियता हासिल गरेर पहिलोचोटि मनमोहन अधिकारीको नेतृत्वमा कम्युनिष्टको पहिलो सरकार बनाउने अवसर पाए । तात्कालिनको ९ महिने सरकारको जनप्रिय कार्यको कारण निकै लोकप्रिय बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र( ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# कांग्रेस भागबन्डामै सीमित

अढाई वर्षअघिको संसदीय आमनिर्वाचनमा नेपाली मतदाताले नेपाली कांग्रेसलाई दिएको स्पष्ट सन्देश हो- अब मुख्य प्रतिपक्षको भूमिकामा बस्नु र सरकारलाई निरन्तर खबरदारी गर्नु । तर आश्चर्य दुईतिहाई बहुमत नजिकको सरकारले चाहिने नचाहिने जे गरे पनि कांग्रेस नेतृत्व चुपचाप बस्ने गरेको छ । गगन थापा, विश्वप्रकाश शर्मा, चन्द्र भण्डारी लगायतका केही नेताहरूले बेला बेलामा विज्ञप्ति प्रकाशित गरी सरकारका नचाहिँदा कामको विरोध गर्नुबाहेक कांग्रेस चुपचाप छ । कांग्रेसले छायाँमन्त्री परिषद् समेत गठन गरेर सरकारका कामकारबाहीको ठीक ढंगले अवलोकन गर्ने र गलत सरकारी नीतिको विरोध गर्ने जमर्को समेत नगरेको होइन । तर अहिले कांग्रेसका छायाँमन्त्रीहरू को को हुन् कहाँ छन् र के गर्दैछन्, सर्वसाधारण कसैलाई थाहा छैन । संसदीय इतिहासमा यति तिम्छरो प्रतिपक्षको भूमिकामा कांग्रेस सायद पहिलो पटक देखिएको छ । कांग्रेस नामको पार्टी पनि छ र भन्ने प्रश्न उठ्न थाल्नुले कांग्रेसको राजनीतिक भविष्य धरापमा पर्दै गएको संकेत गरिरहेको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा जो प्रमुख प्रतिपक्ष दलका नेता समेत हुन् । उनको भूमिका झनै द्वैध देखिन्छ । देउवा संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्तिमा भागबन्डा खोज्नै व्यस्त छन् । यही कुरालाई मध्यनजर गर्दै वरिष्ठ नेता रामचन्द्र पौडेलले केही दिनअघि सामाजिक सञ्जालमार्फत संवैधानिक निकायका पदाधिकारी नियुक्ति भागबन्डाका आधारमा नगर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई आग्रह गरेका थिए । विपक्षी दलका नेताका हैसियतले देउवा संवैधानिक परिषद्का सदस्य समेत हुन् । संवैधानिक परिषद्का अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले संवैधानिक निकायका पदाधिकारी नियुक्तिका लागि देउवालाई बैठकमा बोलाउँदा भागबन्डामा कुरा नमिल्ने देखिएपछि उनी कतिपटक अनुपस्थित भए र नियुक्ति प्रक्रिया लम्बिँदै थयो । बल्ल विश्वविद्यालयका पदाधिकारीहरू सत्ता र प्रतिपक्षबीचको भागबन्डामा नियुक्त भए । अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत १० आयोगमा ४० पदाधिकारीको सिफारिसमा पनि देउवाले आफ्नो हिस्सा खोज्दै आएका छन् । अन्य आयोगहरूमा पनि लामो समयदेखि आयुक्तहरू रिक्त छन् । प्रधानमन्त्री ओलीले सत्ताको नेतृत्व सम्हालेदेखि नै आयोगहरूका रिक्त पदमा नियुक्तिको प्रयास गरे पनि देउवाले प्याकेज सहमतिको कुरा उठाउँदै आए । अनौपचारिक छलफलबाट सहमति जुटेपछि मात्र संवैधानिक परिषद्को बैठक बोलाउनुपर्ने अडान राख्दै आए । बैठकमा कुरा नराख्ने बहिष्कार गर्ने भन्दै पार्टीभित्र आलोचना भएपछि देउवा बैठकमा गए । तर भागबन्डामा कुरा मिलेन । ०७५ माघ ६ गते प्रधानमन्त्री ओलीले संविधानले नयाँ व्यवस्था गरेका समावेशी चारसहित पाँच आयोगमा अध्यक्ष सिफारिस गरे । ०७५ चैतमा पनि देउवाकै अनुपस्थितिमा निर्वाचन आयोगका प्रमुख आयुक्त र समावेशी आयोगमा एक सदस्य नियुक्तिको सिफारिस भयो । एकलौटी सिफारिस गरेका पदाधिकारीहरूको संसदीय बहिष्कार गर्न समेत देउवाले निर्देशन दिए । देउवाबाट थाकेका प्रधानमन्त्रीले प्रमुख प्रतिपक्षी दलको नेताबिनै निर्णय गर्न मिल्ने गरी २०७७ वैशाख ९ गते कानुन संशोधन गर्ने गरी अध्यादेश नै ल्याएका थिए । तर पछि अध्यादेश फिर्ता लिइयो ।

अख्तियारमा एक आयुक्त दिन तयार भएपछि देउवा ओलीप्रति अहिले नरम देखिएका छन् । देउवा प्रधानमन्त्रीको कार्यशैलीलाई सर्वसत्तावादको 'ट्याग' लगाउने र अर्कोतर्फ संवैधानिक आयोगहरूको नियुक्तिमा भागबन्डा खोजिरहेका छन् । जनताको चासोका मुद्दा संसद र सडकमा कतै अहं सवाल नबन्नुमा मुख्य प्रतिपक्ष दल कांग्रेसकै संदिग्ध भूमिकाले काम गरेको छ ।

# सरकार अब बैंक लुट्न जुट्दै छ, सावधान !!!



**सुरेन्द्र ढकाल**

**अहिले संसदीय राजनीतिक दलहरूको एक खेमा, पंचायती मोडेलको सक्रिय राजतन्त्र चाहने अर्को खेमा र सडक आन्दोलनबाटै जनगणतन्त्र स्थापना गर्न चाहने झन् अर्को खेमामा ध्रुवीकरण भइरहेको यस्तो अवस्थामा सरकार आर्थिक संकटमा पर्न गएको र यसले त्यो संकट टार्न अधिक परिमाणमा आन्तरिक ऋण उठाउन लागि पर्नुले अब संघियताको अन्त्यको दिनगन्ती शुरू हुन थालेको छ ।**

देशको अर्थतन्त्रले संघियता धान्न सक्दैन त्यसकारण प्रदेशहरू खारेज गर्नुपर्छ, जनप्रतिनिधिहरूले पाउने भत्तालगायतका अन्य सुविधाहरू खारेज गर्नुपर्छ भन्नेजस्ता माग उठिरहेको बेला सरकारी दुकुटी साधारण खर्च पनि धान्न नसकी रित्तिएको छ ।

सरकारी कर्मचारीलाई तलव खुवाउन सरकार असक्षम भई अब सरकार आन्तरिक ऋण उठाउने नाममा बैंकको खाताबाट रकम निकाल्न शुरु गरेको डरलाग्दो खबर छापामा आउन थालेको छ । विदेशी ऋणले ग्रस्त भई त्यसको ब्याज विदेशी मुद्रामा बुझाउन सरकारलाई हम्मेहम्मे परेको बेला जबरजस्ती आन्तरिक ऋण उठाउनुपर्ने बाध्यतामा सरकार पुग्नुले देश नराम्ररी आर्थिक संकटबाट गुज्रन लागेको अवस्था देखिन्छ । हिजो चप्पल लगाएर काठमाडौं छिरेका नेताहरू नयाँ धनाढ्य भएको र उनीहरूको ठूलो परिमाण रहेको बेलेन्स विदेशी बैंकमा रहेको समाचार आइरहँदा देशको बैंकमा भएको जनसाधारणको निक्षेपमाथि सरकारी कुदृष्टि पर्नुले अब सरकार आफैं आर्थिक आतंक निम्त्याउन लागेको आभास हुन्छ ।

सैनिक कल्याणकारी कोषमा रहेको अरबौं रुपैयाँ, कर्मचारी संचयकोषको रकम सरकारी र निजीक्षेत्रको बैंकमा मुद्दतीमा रहेको अवस्था छ । सरकारले आन्तरिक ऋण उठाउने नाममा बैंकको निक्षेप हडप्ने जुन कार्य गर्दैछ, त्यसले सैनिक र निजामती दुवै कर्मचारीबीच ठूलो त्रासको सिर्जना हुन थालेको र यसैको कारण कतै संघिय गणतन्त्र नै ढल्ने पो हो कि भन्ने लख पनि काटिन शुरु भएको छ ।

पंचायत कालमा अञ्चलसभादेखि गाउँपंचायतको वडा सदस्यसम्मले कुनै भत्ता नपाएको अवस्थामा त सरकारलाई साधारण खर्च जुटाउन गाह्रो पर्थ्यो भने अहिले जुन रकम निर्वाचित र मनोनित राजनीतिकर्मीको लागि उपलब्ध गराइन्छ त्यो राज्यको ढुकुटीले धान्न सक्तैन भन्ने कुरा विशेषज्ञहरूले बताउँदै आएका थिए, अहिले आएर सो प्रमाणित भएको छ ।

अर्को कुरा आन्तरिक ऋण मात्रै नभई सरकारले विना सुरक्षण नयाँ नोट निष्कासन गरी कर्मचारीलाई तलव र राजनीतिकर्मीहरूलाई भत्ता खुवाउन सक्छ । यस्तो अवस्थामा बजार आएका नयाँ नोटको परिमाणले किन्ने वस्तुको आम अभाव हुन गई महँगी बेस्सरी चुलिन जान्छ र सर्वसाधारण जनता सोझै सरकारविरुद्ध सडक तताउन थाल्नेछन् अनि त्यसको फाइदा कुन राजनीतिक शक्तिले लिने हो त्यो त हेर्न नै बाँकी छ ।

अहिले संसदीय राजनीतिक दलहरूको एक खेमा, पंचायती मोडेलको सक्रिय राजतन्त्र चाहने अर्को खेमा र सडक आन्दोलनबाटै जनगणतन्त्र स्थापना गर्न चाहने झन् अर्को खेमामा ध्रुवीकरण भइरहेको यस्तो अवस्थामा सरकार आर्थिक संकटमा पर्न गएको र यसले त्यो संकट टार्न अधिक परिमाणमा आन्तरिक ऋण उठाउन लागि पर्नुले अब संघियताको अन्त्यको दिनगन्ती शुरु हुन थालेको छ । आन्तरिक ऋणको नाममा बैंकको खाताबाट सरकारले रकम झिक्नु भनेको हिजो माओवादीहरूले जनयुद्धको खर्च धान्न सशस्त्र आक्रमण गरी बैंक लुटेको अवस्था हो । सावधान !!! सरकार अब बैंक लुट्न जुट्दै छ ।

# कोरोना संक्रमणको ग्राफ उकालो, सरकार निष्क्रिय



**गोविन्द विक**

कोरोना भाइरस संक्रमणको संख्यामा दिनदिनै नयाँ रेकर्ड कायम हुने क्रम बढेपछि आम नागारिकमा थप चिन्ता हुँदैछ । पछिल्लो समय संक्रमितको संख्यामा हवात्तै वृद्धि हुन थालेको छ । दिनकै २५.९४ प्रतिशतका दरले संक्रमण उकालो लाग्न थालेपछि आम मानिसमा थप त्रासको अवस्था देखिएको छ ।

कोरोना संक्रमणको सक्रिय संख्या २५ हजारभान्दा माथि भएको अवस्थामा अस्पतालमा बेडको अभाव हुन सक्ने आँकलन गरेर बसेको सरकारले संक्रमण दर उच्च हुनथालेपछि आफ्नो भूमिका भने निष्क्रिय बनाउँदै लगेको छ । सक्रिय संक्रमितको संख्या नै ३० हजारभन्दा बढी भइसक्दा पनि सरकारको चिन्ताको विषय बन्न नसक्नु निरासाजनक छ । विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस संक्रमण रोक्नका लागि सरकारको ध्यान हिजो पनि थिएन र आज पनि छ भन्ने आधार देखिदैन ।

विश्व महामारीको रुपमा फैलिएको कोरोना कालमा दलका नेता तथा कार्यकर्ता जनताको नजिक पुग्नै सकेनन् । नेकपाको सरकार त एकपछि अर्को बहानामा महामारी तिव्र हुँदै जाँदा आफ्नो भूमिका निष्क्रिय पार्नमै लालयित भइराखेको सबैमा जगजाहेर नै छ भने प्रमुख प्रतिपक्षको कित्तामा रहेका दलहरूले पनि कोरोना कालमा जनअपेक्षित भूमिका निभाएको देखिएन ।

संक्रमणको दरले नयाँ उचाइ लिइरहँदा संक्रमण नियन्त्रणका लागि कोभिड १९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसि) निर्देशक समिति तथा मन्त्रिपरिषदको कुनै ठोस योजना तयार नहुनु दुखद पक्ष हो । नेपालमा कोरोना संक्रमण सिमित व्यक्तिमा देखिँदा लकडाउन गर्ने शैक्षिक संस्था बन्द गर्ने, परीक्षा नहुने, आवश्यक स्वास्थ्य सामग्री खरिद गर्ने लगायतका निर्णय सिसिएमसिले गरेर मन्त्रिपरिषदमा पेश हुने र सोहीअनुसार मन्त्रिपरिषदको निर्णयबमोजिम कारवाही अगाडि बढ्ने गरेको थियो । तर अहिले सिसिएमसीको नियमित बैठकसमेत बसेको छैन ।

मन्त्रिपरिषदको बैठक नियमित रुपमा बसे पनि कोरोना संक्रमण नियन्त्रणको विषयमा छलफलै नहुने सञ्चारमाध्यमबाट खबरहरू आइरहेका छन् । कोरोना संक्रमण नियन्त्रणका विषयमा सरकारको ध्यान नगएको महसुस भएसँगै महामारीले भयावह रुप लिने दिन धेरै टाढा देखिदैन । स्वास्थ्य मन्त्रालयलाई दैनिक रुपमा कोरोना संक्रमणको दर वाचन गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्न जनतालाई आग्रह गर्नमा नै भ्याइनभ्याइ छ ।

कोरोना संक्रमण तीव्र बढेसँगै कोभिड डेढिकेटेट अस्पताल निर्माण आवश्यक स्वास्थ्य सामग्रीको खरिद प्रक्रिया आइसियु भेन्टिलेटर संख्या बढाउने योजना होम आइसोलेसनमा बसेकाहरूको निगारानीको नियमन संक्रमण रोक्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन लगायतका विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कुनै योजना नै आएको देखिदैन । सरकारले कोभिड संक्रमण नियन्त्रणका लागि व्यापक काम गरिरहेको भन्न चाहीँ स्वास्थ्य मन्त्रालयले छुटाएको छैन ।

कोरोना संक्रमणको दर उच्च हुनथालेपछि सरकारको पूरै ध्यान नै यसलाई रोक्नका लागि हुनुपर्ने थियो । आवश्यक स्वास्थ्य सामग्रीको खरिद द्रुतमार्गबाट गर्ने संक्रमण उच्च भएका स्थानहरूमा नियमन गर्ने होम आइसोलेटेटेडहरूको व्यवस्थापन निगरानी कोरोनाले रोजीराटी गुमाएका निमुखा वर्गहरूलाई राहत प्याकेज उपलब्ध गराउने, कोरोना महामारीको समयमा बढ्दै गएको दण्डहिनताको अन्त्य गर्ने लगायतका विषयमा सरकारमा व्यापक छलफल र वहस हुनुपर्ने समयमा कानमा तेल हालेर बस्ने सरकार पनि जनताको सरकार हुन्छ र ?

केन्द्र सरकार राजनीतिक नियुक्ति गर्ने पदावधि थप्ने कर्मचारी सरुवा वढुवामै मस्त छ । प्रदेश सरकार खै कता छ कसैलाई थाहै छैन । स्थानीय सरकारको अनुभवले कोरोना नियन्त्रण हुने सम्भावना छैन । यस्तो भद्रगोल अवस्थामा कसरी कोरोनाबाट जनताले मुक्ति पाउने ? राजनीतिक पार्टीको कुरा गर्ने हो भने पनि नेकपाका बैठक र छलफलहरूमा कोरोना संक्रमण नियन्त्रणको विषयले प्रवेशै पाएन । उसकै नेतृत्वमा सरकार छ, सरकारलाई सहयोगी हुने निर्णय सरकारलाई कोरोना नियन्त्रणका लागि उपयुक्त सुझाव दिने विषयमा कहिलै वहसै भएन ।

प्रतिपक्षको रुपमा रहेका नेपाली कांग्रेस लगायतका दलहरूले पनि कोरोना नियन्त्रणमा सरकारलाई खबरदारी गर्ने रचनात्मक भूमिका कहिलै खेलेनन् । सन्दर्भबस बोल्ने माइक पाइयो भने सरकारले काम गरेन, यो सरकार ठिक छैन भन्ने सिवाय अन्य ठोस रणनीति सरकार बाहिरका दलहरूले अपनाउन सकेनन । सरकार कता अलमलिँदैछ सरकारले कुन विषयलाई प्राथमिकता दिँदैछ ? कोरोना संक्रमणबाट आहत भएका निमुखाहरूलाई सरकारले किन देखेको छैन ? लगायतका विषयमा सरकार बाहिर भएका दलहरूले खोजी गर्ने काम गरेनन ।

कोरोना कालमा हामी जनताका नजिक जानुपर्छ भन्ने सोच सरकारभन्दा बाहिरका दलहरूलाई भएन । आज संक्रमणको दर उच्च भइरहँदा पनि सरकार र अन्य राजनीतिक दलको ध्यान कोरोना संक्रमण नियन्त्रणतर्फ नजानुले सबैलाई अचम्मित बनाएको छ । कोरोनाको यही अवस्था रहिरहे नियन्त्रणभन्दा बाहिर रहने खतरा बढ्दै गएकोप्रति विज्ञहरूको चिन्ता छ । सरकारले कोरोना नियन्त्रणमा ध्यान दिने हो भने संक्रमणको दर ओरालो लाग्न समय लाग्दैन । यतिधेरै समाजिक सन्जालको दुनियाँमा यसको प्रयोगबाट कोरोनासम्बन्धी सचेतनाका सामग्री व्यापक रुपमा प्रसारण गर्न नसकिने छैन ।

हिजो चुनावका बेलामा लाखौं खर्च गरेर आफ्नो पक्षमा मत दिन व्यानर तुल अडियो भिडियो श्रव्य दृष्य टि सर्टमा लेख्ने लगायतका माध्यमबाट प्रचार गर्नेहरूले आज कोरोनाले यति धेरै अत्यास बनाइरहेको बेलामा संक्रमणबाट जोगिनका लागि प्रचार प्रसार गर्न किन नसक्ने ? त्यसैले संक्रमण दरमा वृद्धि भएसँगै सरकारको निष्क्रियता बढ्नुले सरकारप्रतिको आम नागारिकको आसा र भरोसामा कालोबादल लाग्न थालेको छ ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-१२



सुदर्शन प्रधान

भविष्यमा नयाँ जारहरू जन्मला भनेर नै स्टालिनले त्यो दुरदर्शीता अपनाएको हो, स्वायत्त राज्यहरू स्वतन्त्र पनि हुन पाउने अधिकार । जुन राज्यहरू प्राय सबै विशाल छन् र हरेक राज्यहरू कतै जाती, कतै धर्म संस्कृती मान्ने एक न एक विशेषताका जनताको वाहुल्यता छ ।

सोभीयत संघको भन्दा नेपालको मामिला फरक छ । २५२ वर्ष अघि एकिकृत भएको नेपाल एउटा सानु राज्य हो । जुन १२४ जाती, जनजातीहरूले बनेको एकिक्रित देश हो । जहाँ कुनै पनि जाती तथा जनजातीहरूको बाहुल्यता छैन बरु ति जातीहरूमा अन्तर घुलित र अन्तरनिर्भर छन् । यस्तो मुलुकमा कुनै पनि प्रदेशलाई निर्माण, विकास, स्वास्थ्य, शिक्षा प्राकृतिक श्रोत उद्योग जस्ता कुराहरूमा अधिकार दिन पर्छ । रक्षा, मुद्रा, परराष्ट्र चाहीँ केन्द्रको मातहत हुनुपर्छ । कुनै प्रदेश पृथकतावादी चिन्तन र व्यवहारले ग्रस्त भए त्यहाँको हरेक कुरा केन्द्रले नेतृत्व गर्नपर्छ । यहाँ कुनै पनि प्रदेशलाई पूर्ण स्वायत्त भनौं देशटुक्रने अधिकार दिन सकिन्न । जुन कुरामा टेकेर तराईका पृथकतावादीहरूले अनेकौं हर्कत गरे र गरिरहेछन् । यहाँका अरु जनजातीहरू पनि त्यस्तो पथमा सक्रिय छन् । पशिचमाहरूले त्यस्तो कुराहरूलाई प्रोत्साहन गरिरहेछन् । माओवादी नेतृत्वहरूले जनयुद्ध कालमा हिजो जनतालाई स्वायत्तता र स्वतन्त्रताको नारा दिएर उछालेता पनि आज यथार्थ धरातलमा उभिएर त्यसबारे नेकपा सैद्धान्तिक र व्यवहारिक कुराहरूको व्याख्या गर्न र स्पष्टीकरण दिन जरुरत छ, कसरी नेपाल राष्ट्र र यहाँको राष्ट्रियता मजवुत बन्दछ भनेर । स्मरणरहेस्, मुलुकको चौतर्फी उत्थानको लागी निम्न तिन वटा कुराहरू अहम सवालहरू बन्न सक्छन् ।

प्रथम भूमी समस्या - यो सवाल ७० % किसानहरू र राष्ट्रिय उत्पादनसँग सम्बन्धीत छ र खाद्यन्नमा आत्मानिर्भर मात्र हैन कि विसुद्ध प्राकृतिक खाना र सम्पूर्ण जनताको स्वास्थ्य अनि संसारभरिबाट नेपाल घुम्न आउने पर्यटकहरूको आकर्षण र उनिहरूको स्वास्थ्यतासँग पनि सरोकार राख्छ । हरेक किसानलाई उसको उत्पादन शक्तिको आधारमा जग्गा वितरण हुनपर्छ गाउँ र शहरका बाँझा जग्गाहरू सबै उचित मुआब्जा दिएर राज्यले आफ्नो बनाउन पर्छ । अनी अर्गानिक कृषी तथा पशुपंक्षी, माछाफर्म निर्माण गर्न चाहने पौरखी दिल दिमाग र हातपाउँ भएका उद्यमी किसानहरूको समुहहरूलाई १००० रोपनीसम्म र एकल परिवार वा व्यक्तिलाई २०० रोपनीसम्म न्यूनतम १२ वर्षको लागी उपलब्ध गराउनु पर्छ । यि उद्यमी किसानहरूलाई सरल र सस्तोमा कृषी ऋण दिन पर्छ र प्राविधिक सहयोग र उत्पादीत वस्तुहरू राज्यले खरिद पनि गर्न पर्छ । वर्तमान कृषी तथा पशुपक्षीं मन्त्रालय अर्न्तगतका सम्पूर्ण कर्मचारीहरू घुम्ने मेचमा हैन कि गाउँ गाउँमा कृषी उत्पादनहरू लिन र कृषकलाई त्यहीं रुपैंया वा चेक दिन दौडीरहनु पर्छ, घुमीरहनुपर्छ ।

*(क्रमश:)*

# मैले देखेको १४४ औं विश्व सम्पदा
# दिल्लीको लाल किल्ला (रेड फोर्ट)

सुरेन्द्र ढकाल

न्यूयोर्क होम टेक्सटायल मेलामा भाग लिई न्यूयोर्क र वासिङटन डिसिका विश्व सम्पदाहरूको अवलोकन गरिसकेर नेपाल फर्केपछि मेरो दैनिकी पुनः नेपाल गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकारको रुपमा सक्रिय नै रह्यो । यसैबीच भारतीय गलैंचा निकासीकर्ता संघको आयोजनामा भारतको राजधानी दिल्लीमा २००३ नोभेम्बर ५ देखि ७ सम्म गलैंचा निकासी गर्ने राष्ट्रहरूको प्रथम विश्व सम्मेलन आयोजना हुने खवर प्राप्त भयो ।

नेपाल गलैंचा निकासी गर्ने प्रमुख राष्ट्रहरूको सूचीमा पर्ने कारण नेपाललाई उक्त सम्मेलनमा औपचारिक आमन्त्रण गरिएको थियो । त्यसको लागि तत्कालिन श्री ५ को सरकार उद्योग वाणिज्य मन्त्रालयले गलैंचा तथा ऊन विकास समितिका कार्यकारी निर्देशक गेहेन्द्र बज्राचार्यलाई मनोनयन गरेको थियो भने निजी क्षेत्रको प्रतिनिधित्व नेपाल गलैंचा निकासीकर्ता संघले गरेको हुँदा मेरो नाम पनि मनोनयनमा परेको थियो । विश्व सम्मेलनमा देशको प्रतिनिधित्व गरेर जाने अवसर त राम्रै कुरा थियो झन् त्यसमाथि तत्कालिन शाही नेपाल वायुसेवा निगमले हामी दुवैजनालाई विजिनेस क्लासको टिकट उपलब्ध गराएको कारण पहिलो पटक विजिनेस क्लासमा बसेर उड्ने अवसर पनि प्राप्त भएको थियो ।

सम्मेलनमा भाग लिन हामी नोभेम्बर ४ तारिखकै दिन काठमाडौंबाट उडेर दिल्लीको पाँचतारे होटलमा डेरा जमाएका थियौं । सोही होटलको हलमा १४ देशका ५०० प्रतिनिधिहरूको जमघटबीच तत्कालिन भारतीय प्रधानमन्त्री अटलविहारी वाजपेयीले सम्मेलनको उद्घाटन गरेका थिए । सम्मेलन हरेक दिन ब्रेकफाष्टपछि नौ बजे सुरु हुन्थ्यो र ५ बजे सकिन्थ्यो । त्यसपछिको समय विभिन्न देशका प्रतिनिधिहरूसँग भलाकुसारी गर्दै डिनरसम्म चल्ने हुँदा सम्मेलन अवधिभरी हामी होटलमा बन्दीजस्तै थियौं । सम्मेलनपश्चात् बल्ल ८ नोभेम्वरदेखि हामीसँग फुर्सतको समय भयो ।

भारतको धर्मशालाबाट निर्वासित तिब्बत सरकारको प्रतिनिधिको रुपमा सम्मेलनमा भाग लिन आएकी पेल्डोन त्साम्को नामक महिलासँग सम्मेलन अवधिमै हाम्रो घनिष्टता भएको र उनी आफ्नै पजेरोमा धर्मशालाबाट दिल्ली आएकी हुँदा उनले हामीलाई केही दिन दिल्ली बसी घुमाइदिन सहयोग गरिन् । सोहीअनुरुप आगराको भ्रमण र अवलोकन गरेको कुरा विश्व आश्चर्यस्थल अवलोकनबारे मैले लेखिसके । आगरापछि हामीले नोभेम्बर ९ का दिन बिहानै दिल्लीको पर्यटकीय महत्वको स्थल भ्रमण गर्ने क्रममा सबैभन्दा पहिले लालकिल्ला पुग्यौं ।


अगाडिबाट हेर्दा लाल किल्ला यस्तो देखिन्छ


किल्लाका विभिन्न पभिलियनहरू जोड्ने नहर (*Nahr-i-Bihisht*)


लालकिल्लाको भित्री भाग यस्तो रहेछ


किल्लाको मुख्य द्वार लोहरी गेटमा भारतको झन्डा फहराई सन् १९४७ मा यहीँबाट स्वतन्त्रताको घोषणा भएको रहेछ


लालकिल्लामा पर्यटकहरू


लालकिल्लाभित्र रहेको मोती मस्जिद

**लालकिल्ला (रेड फोर्ट)**

यो एक ऐतिहासिक किल्ला रहेछ । मुगल सम्राटको निवास रहेको यो किल्लाको निर्माण सन् १६३९ र १६४८ को बीचमा भएको रहेछ । यमुना नदीको किनारमा भएको यस किल्लाको निर्माणको लगत्तै सम्राट शाह जाहले आफ्नो राजधानी आगराबाट दिल्ली सारेका रहेछन् । उस्ताद महमद लोहरी नाम गरेका वास्तुविद् (आर्किटेक्ट) ले यसको डिजाइन गरेका रहेछन् र रातो चुन ढुंगा प्रयोग गरी बनाएको अग्ला पर्खालले घरिएको हुँदा यस किल्लाको नाम लाल किल्ला हुन पुगेको रहेछ ।

पर्सियन, इस्लामिक, टिमुरिक र परम्परागत हिन्दु वास्तुशैलीको मिश्रण यस लालकिल्लामा देखिँदो रहेछ । सम्राट शाहजाहको शासनकालको सिर्जनाको रुपमा लिइने यस किल्लाका विभिन्न पभेलियनहरूलाई नहरहरू (*Nahr-i-Bihisht*) ले जोडेको रहेछ । पछि शाहजाहका छोरा सम्राट औरंगजेवले यही किल्लाभित्र मोती मस्जिद (Pearl Mosque) निर्माण गराएका रहेछन् । औरंगजेवपछि मुगल शासनको पतनको सुरुवात यस किल्लाको अधोगति शुरु भएको रहेछ , यो किल्लामा बहुमुल्य कलाकृति र जवाहरातहरू सन १७४७ मा पर्सियन नादिर शाहले आक्रमण गरी लुटेर लगेको बताइँदो रहेछ । पछि विभिन्न कालखण्डमा मराठा, सिखहरूको कब्जामा यो किल्ला परेछ ।

दोस्रो अंग्रेज मराठा युद्धमा मराठाहरू पराजित भएपछि दिल्ली इस्ट इण्डिया कम्पनीको मातहतमा पुगेछ र किल्लामा रहेका बहुमूल्य सिंगमरमरहरू बेलायति औपनिवेशिक शासनकालमा क्षतविक्षत भएको रहेछ । यही लाल किल्लामा बेलायतीहरूले अन्तिम मुगल सम्राट बहादुर शाहलाई रंगुन निर्वासन गर्नुअघि मुद्दा चलाएका रहेछन् । पछि बेलायति प्रत्यक्ष शासनभित्र भारत गएपछि तत्कालिन बेलायति भायसरायले सन १८९९ मा लालकिल्लाको मर्मत र जिर्णोद्धार गराउन लगाई त्यहाँ रहेको बंगैचालाई सुन्दर बनाउने कार्य गरेका रहेछन् । सन १९११ बेलायती राजा जर्ज पाँचौं लालकिल्ला अवलोकन गर्न आएका रहेछन् । सो अवसर पारेर लालकिल्लाभित्र रहेका केही भवनहरूको जिर्णोद्धार भएको रहेछ ।

१५ अगष्ट १९४७ का दिन स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले यस किल्लाको प्रवेशद्वार (लोहरी गेट) माथि ठड्याइएको भारतको झण्डोत्तलन गरी त्यहींबाटै भारत स्वतन्त्रताको घोषणा गरेका रहेछन । त्यही बेलादेखि हरेक वर्षको १५ अगष्टका दिन त्यहाँ स्वतन्त्रता दिवसको आयोजना हुने गर्दो रहेछ । स्वतन्त्रतापछि भएको भारत पाकिस्तानको विभाजनको प्रभाव यो किल्लालाई पनि परेको रहेछ । सम्भावित हिन्दुहरूको क्रोधको सिकार होला भनेर लालकिल्लाको सुरक्षा भारतीय सैनिकलाई दिइएको रहेछ । यस लालकिल्लाभित्र रहेका संरचनाहरूमा लाहोरीद्वार नहर इ विहिस्त, मोति मस्जिदबाहेक छत्ता चोक, नोवत खाना, दिवान इ आमा रंग महल, खस महल, दिवान इ खस, हम्माम, वाओली इनार, हिरा महल, हायात वक्स वाग (बगैंचा) आदि संरचना रहेछन । तिनीहरूको हामीले सरसरति अवलोकन गर्दा साँझ परेको पत्तै भएन । लालकिल्ला परिसरमा दिनभर बिताइ हामी हाम्रो वासस्थान मजनुकाटिलातर्फ लाग्यौं ।


लालकिल्लाभित्र रहेको मोती मस्जिद अगाडि सुरेन्द्र ढकाल नोभेम्बर २००३ मा


लालकिल्लाभित्र सुरेन्द्र ढकाल नोभेम्बर २००३ मा

विश्लेषण

# रोम जलिरहेछ, निरोहरू बाँसुरी बजाइरहेछन्



शिवप्रसाद दाहाल

सन् १८०२।४।२ मा डेनमार्कमा जन्मेका हान्स कृस्टिएन अण्डरसनले 'द इम्पेरर्स न्यु क्लोथ' शिर्षक नामक दन्त्यकथा लेखेका थिए- राजाको नयाँ कपडा धारण गरेपछि भ्रष्ट र अयोग्य मानिसले चाहिँ देख्दैन भनी एक ठगले धेरै दिन लगाएर तयार गरेको हुँ भनी हावामा हात हल्लाएर राजालाई लगाइदियो, वास्तविक कपडाविहिन सम्राटलाई देखेर निर्दोष बालबालिकाहरू हाँसेका थिए ।

त्यो औपन्यासिक दन्त्यकथा थियो । अहिले एक्काइसौ शताब्दिमा भने नेपालमा सत्य घटनाहरू हुन थालेका छन् । जस्तै ५/५ ओटा जन्मदर्ता र नागरिकताको प्रमाणपत्र भएका, सात महिना बाह्र दिनअघि नै रिटायर भैसकेका प्रधानन्यायाधीश गोपाल प्र. पराजुलीलाई वैध प्र.न्या. भनी गरिमामयी पद राष्ट्रपतिको सपथ खुवाउनु, ७८ वटाभन्दा बढी तालिम प्राप्त जासुस कुकुरहरू हुँदाहुँदै यी कुकुरहरूबाट सेवा नलिई विश्वव्यापी रुप भैसकेको निर्मला पन्तको जघन्य बलात्कार हत्या गरी सवुत प्रमाणहरू नष्ट गर्नु र निर्दोषहरूलाई दोषी गराउने असफल प्रयास गर्नु उपसभामुख डा. शिवमाया तुम्वाहाम्फेलाई नदिएर अपहरण र हत्यामा सर्वोच्च अदालतमा विचाराधिन दोषी अग्नि सापकोटालाई दिनु, यसैगरी ११ वर्षीय निसान खड्का र राजदुत केशव झा आदि धेरै जनाको अपहरण, बलात्कार, हत्या गर्ने र सवुत प्रमाणहरू सरकारले नै धुने, पखाल्ने, शव दाह गर्ने, आफूले नगरेर विज्ञ मित्र देशहरूको पनि सेवा नलिने र यस घटनालाई मान्यता मित्र देशहरूले सजिलै दिने विश्वको पहिलो आश्चर्यजनक घटना नै त होइन ?

आततायी भारतले बर्षौंदेखि अतिक्रमण गर्दै आएको छ १,४७,१८१ व.कि.म.क्षेत्र भएको नेपाललाई उसको अक्सफोर्ड एटलसहरूमा ५० सौं वर्षभन्दा अघिदेखि १,४१,४०० व.कि.मि.क्षेत्र लेखाएर नपुगेर मिति २०७५।६।१४ गते आइतबारमा प्रकाशित अन्नपूर्ण दैनिक अनुसार सरकारी दस्तावेजमै १०,०१९ व.कि.मि.क्षेत्र घटेको छ । १,३७,१६२.०३५ व.कि.मि. क्षेत्र बाकी देखिएको छ भने सन २०१९ नोभेम्बर २ तारिखका दिन आततायी देशले लिम्पियाधुरा, कालापानी र लिपुलेक भारतकै नक्साभित्र पारेको अहिले जगजोहर भयो ।

पूर्वोक्तबाहेक ३९५ व.कि.मि.क्षेत्र अरु कब्जा गऱ्यो । फेरि ०७६।९।१४ गते सोमबारको कान्तिपुर दैनिक पत्रिकाअनुसार महाकाली नदी अतिक्रमण गर्दै तटबन्ध गरेर नदी नेपाली भूभाग मिचेर डोजर आक्रमण धमाधम गर्दैछ । जबसम्म सीमा सिलबन्दी गरिंदैन यसले निरन्तरता पाइरहनेछ ।

सिकन्दर डच पोर्तुगिज नादिर शाह मुहम्म द गजनी, इब्राहिम लोदी, शेरशाह, बाबर आदि र अंग्रेज़ समेतले आक्रमण गरी भयंकर यातना दिई शासन गरेकाले मालिकहरूबाट दासदासीहरूले आफ्ना छिमेकी निर्बल, साना, सोझा राष्ट्रहरूको सीमा मिच्ने, सिक्किमलाई जस्तो कब्जा नै गर्ने दास प्रवृत्तिका इन्दिरा मोदीजस्ता बाँदरको हातमा नरिवल जस्तो भएको छ नत्र चन्द्रशेखर, इन्दरकुमार गुजराल, मोरारजी देसाइहरूको शासनकालमा सीमा समस्या सुल्झाउनु पर्दैनथ्यो व्यस्त भएका बखत बीपी, सुवर्ण, गणेशमानजी, जयप्रकाश नारायण, डा. राममनोहर लोहिया, राजनारायण कर्पुरी ठाकुरहरू हुनुहुन्थ्यो, दूधको दूध पानीको पानी हुन्थ्यो । ०१७९।१ गतेपछि त घरै पिँडालु.... बाह्र हातको पिँडालु जस्तो भयो, राजा महेन्द्रले कालापानी दिए र वीरेन्द्रले २०३२ सालमा लिम्पियाधुराको नापी विभागका महानिर्देशकहरूलाई न सकिकन गर्न रोकेका थिए ।

सीमाविद महानिर्देशकहरू पुण्यप्रसाद ओली, बुद्धिनारायण श्रेष्ठ, ऋषिराज लम्साली, वरिष्ठ पत्रकार एवं २०१८ सालको राष्ट्रिय जनगणनाको पश्चिमाञ्चलको प्रमुख कार्यभार सम्हाली पुरै उत्तर दक्षिण र पश्चिम लिम्पियाधुरा लिपुलेकदेखि कालापानी कन्चनपुर सम्पूर्ण क्षेत्र एकातिहाइ नेपाली भूभाग निवासी विभिन्न जाति र भाषीहरूको तथ्यांकका ज्ञाता श्री भैरव अर्याल र ०५५ सालतिर दार्चुला जिल्लाका सि.डि.ओ. रहेका राष्ट्रभक्त मोहनप्रसाद आचार्यले राष्ट्र प्रमुख, शासन प्रमुख, गृहमन्त्री सम्बन्धित सबै क्षेत्रमा पटकपटक जानकारी मासिक होइन, पाक्षिक प्रतिवेदन दिएको मेरो आफ्नै भान्जा भएकाले मलाइ थाहा छ । परन्तु उच्चतम व्यक्तित्वहरू सबै लम्पसारवादी रहेछन् सलमानखुर्सिद, जयशंकरहरू आउँदा प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री भएर पनि दर्शनभेट गर्न माला, पुष्पगुच्छा लिएर लाइनमा बस्ने गुलाम नपुंसक रहेछन् , यस्ताबाट सुशासनको के अपेक्षा गर्नु ?

हामीले लखेट्नुपर्नेलाई चाइनिजले लखेटेका थिए, तर राजा महेन्द्रले कालापानीमा भारतीय सैनिक राख्न दिने कुकर्म गरे । उनकै बंश उन्मूलक पुत्र पुन: राजा हुन खोज्दै छन्, देसै कब्जा गर्न खोज्ने आततायी देश सङ्ग अनुनयविनय गर्दैछन् , अतिक्रमण गरेकामा भने लाटो जस्तै चुपछन्।

जननिर्वाचित प्रथम प्रधानमन्त्री बीपी कोइरालालाई मैले ०१७ साल मंसिर २३ गते आततायी भारतले उसको नक्सामा नेपालको १,४१,४०० ब.कि.मि क्षेत्र अंकित गरेको अक्सफोर्ड एटलस देखाएपछि दुई हातले आफ्नो पुर्पुरो समातेर चिन्तित हुने प्रधानमन्त्री बीपीले मलाई पन्द्र दिन भित्रैमा प्रधानमन्त्री नेहरूलाई भनेर सीमा समस्या सर्वत्रको समाधान गर्छु भन्नुभएको सात दिन पनि नपुग्दै ०१७९।१ गते अपदस्थ गरी जेलमा कोचेर ज्यान लिने ७ वटा मुद्दा पो लगाए ।

सीमाविद पूर्वनापी महानिर्देशक बुद्धिनारायण श्रेष्ठले नेपालको सीमाबारे असंख्य लेखहरू र यसै सम्बन्धित धेरै बहुमुल्य किताबहरू पाठकसमक्ष पस्की सक्नुभएको छ कति पुस्तकहरू मलाई समेत उपहार दिएर आभार गर्नु भएको छ तर शासनको लगाम समात्ने लमि धुपौरे लम्पसारवादीहरूलाई थाहा भएर पनि कृत्रिम निद्रामा सुतेका अभुतपूर्व दुइतिहाई बहुमते आततायी सरकारले सन् २०१९।११।२ तारिखमा आफूले कब्जा गरेको नक्सा प्रकाशनबारे नेपाली देशभक्त मिडियाहरूले बारम्बार विरोध गरेपछि बुझेर डराइडराइ हाम्रो भूमि छोडिदेऊ सम्म भने ।

युएसएसआर पन्ध्रवटा देशको एकढिक्का सोमियत संघ रुस भएको थियो । पृथ्वीको सर्वश्रेष्ठ अमेरिकालाई थर्काउने राष्ट्र सन् १९९०/९१ मै पन्ध्र टुक्रा भई 'पुन र्मुषिको भव' भएझैँ जन्मिदा ३२ वटा दाँतविहिन जिब्रो पछि मृत्युको समयतिर दैत्यरुपी दाँतहरू पलायन भएर जिब्रो स्वतन्त्र भएझैँ जुन अहिले मुतको न्यानो भनेझैँ ने.क.पा २/३ को दम्भ देखाइ राष्ट्रको आँखा फोर्ने बिधान बनायो । तीन वर्षपछि ने.काङ्ग्रेस, युएसएसआर एवं ३२ वटा दाँतहरू पतन भएझैँ एकदिन यस्तो पनि आउनेछ, आततायी भारत पनि सोभियत संघ, दाँतहरू , ने.क.पा. पनि यस्तै मुसो हुँदै भारत पनि धेरै टुक्रा हुनेछ ।

राणा, राजतन्त्र, रा.प्र.पा, कांग्रेसहरूको पतन भएझैँ नेकपाको पनि ०७९ सालमा पतन हुनेछ, अरु विकल्प दिने पार्टीहरू छैनन् । केही महिनाका लागि सेनाले दिनसक्नु पर्थ्यो, परन्तु कुमार लामा, कर्णेल बबिर खत्री, सेनानीद्वय अमित, सुनिल, प्रज्वलशमशेर, ०७६/७/६ गते बुधबारको दिनको कान्तिपुर दैनिक पत्रिका अनुसार दाङकी १८ वर्षीया किशोरीलाई सेनाले सामुहिक बलात्कार गरेर मात्र नभई दुई तालिम प्राप्त डाङ्गा कुकुरबाट बर्दियाको जङ्गल नजिक चौरमा पालैपालो रेप गराउने घोर अपराधी सेनाबाट राष्ट्र र जनधनको पूर्ण सुरक्षाको के अपेक्षा गर्नु ? पालो त क्षणिक सैनिक शासनको थियो ॥

देशको तीनै दिशा खास गरेर पश्चिमोत्तर लिम्पियाधुरा काण्डैमा ०७६/७७ सालझैँ आततायी भारतले पुन: नाकाबन्दी गर्नेछ । त्यसको प्रतिरोध गर्न सक्ने स्रोत, साधन, शक्ति, क्षमता यी सबै विकल्पहरू हामिसँग उपलब्ध छन्, अल्छ्याँयी, परमुखापेक्षी, आशे इत्यादि भएर आत्मनिर्भर हुन नसकेको हो । उदाहरणार्थ- जमिन १,४७,१८१ व.कि.मि छ । करिब २१५ वटा देश भएको पृथ्वीमा ९३ नं. को ठूलो देश नेपाल पानीका निम्ति ब्राजिलपछिको दोस्रो ठूलो देश हो । अवैध भारतीयहरूले नेपालको ना.प्र.प लिएकाले जनसंख्या धेरै देखिएको हो । नेपाली खास जनता डेढ करोडभन्दा पनि कम छन् । विधिवत अनुसन्धान नगरे पनि दर्जनौं, बहुमूल्य र अमूल्य भौगर्भिक सम्पदाहरू पत्ता लागेका छन् । जमिन, जल, जङ्गल, जडिबुटी, जनता सबै पर्याप्त उपलब्ध छन् । केही दशकअघिसम्म नेपाल दलहन, तेलहन, खाद्यान्न, जडिबुटी निर्यात गरिरहन्थ्यो ।

जापान, इजरायल, सिङ्गापुर आदि देशहरूबाट विविध विषयका वैज्ञानिक, प्राविधिक, इन्जिनियरहरूलाई आमन्त्रण गरेर उनीहरूबाट सेवा लिई पारिश्रमिक दिन कन्जुस्याइँ गर्नु हुँदैन । अधिकृतदेखि उपल्लो दर्जाका भीआइपी, भीभीआइपीहरूलाई पदबाट निवृत्त भएपछि राष्ट्रको ढुकुटी नै रित्तिने गरी निवृतिभरण दिने प्रथा बन्द गरी अधिकृतदेखि तलका लागि मात्र निवृत्तिभरण दिने र अत्यावश्यक प्रादेशिक व्यवस्था भंग गरी निर्मूल गर्नुपर्दछ, यो प्रोभिन्सियल सिस्टम बाख्राको पुच्छर काटेर बोकोरुपी आततायी भारतलाई सिक्किमीकरण गर्न सजिलो मात्र भएको छ । स्विट्जरल्याण्डका परिवेष्टक जर्मनी, फ्रान्स, अष्ट्रिया, इटालीजस्ता भारत, रुस, चीन होइनन् । पश्चिमोत्तरमा अघोषित आक्रमण गरेको छ ।

नेपाली नागरिक गोर्खा रेजिमेण्टहरूले आक्रमणविरुद्ध उठेर आततायीले सेनाबाट बर्खास्त गऱ्यो भने त्यस्तै दर्जामा त्यति नै पारिश्रमिक पेन्सन दिएर सम्मान गरी बोर्डरमा तैनात गर्नुपर्दछ । ०७६।९।१६ गते बुधबारको दिनमा कश्मिरमा हाम्रा गोर्खाली सैनिक अर्जुन थापा मगर पाक-भारत युद्धमा मारिएकोमा नेपाली जनता घोर विरोध गर्दछौं । दोक्लाम, कार्गिल, लद्दाक, पाकिस्तान, कश्मिर जहाँ पनि भारतले हाम्रै नेपालीलाई अग्रिम मोर्चामा प्रयोग गर्दै आएको छ । हामी नेपालीलाई सह्य हुँदैन । छिमेकीसँग गोर्खालीलाई लडाउनु हुँदैन ।

यता हामी ५ वर्षभित्रैमा पूर्णरुपेण आणविकबाहेक अन्य जुनसुकै, उद्योग, निर्माणसम्बन्धी आयामहरूमा आत्मनिर्भर हुनसक्छौं । माथि भनेझैँ प्रवुद्ध, प्राविधिकको हामीले प्रयोग गर्न सकेका छैनौं । हाम्रा नेपाली वैज्ञानिकहरू विभिन्न मुलुकमा रहेर भौगर्भिक, जल, स्थल आकाशका पुरै सौर्यमण्डलादी ग्रह, उपग्रहहरूको सफल अनुसन्धान अन्वेषण गरिरहेका छन् । केही वैज्ञानिकहरू यस प्रकार छन् । १३ वर्षीय केल्भिन संग्रौलाले ड्रोन विमान बनाएर ०७४।९।२८ गते शुक्रबारको दिन उडाएका थिए । लुजेन्द्र ओझाले मङ्गल ग्रहमा पानी छ भनेर पत्ता लगाए । कुमुद धितालले अष्ट्रेलियामा मरेका मानिसको मुटु झिकेर ज्युँदो मानिसमा सफलताका साथ प्रत्यारोपण गरेका थिए ।

यही ०७२ सालझैँ कान्तिपुरको ०७२।६।२५ गते सोमबारको दिनमा डा. गेहेन्द्र र डा. लुजुन्द्रको वैज्ञानिक प्रगति यही मितिमा उल्लेख अर्को युएसएको नासामा कार्यरत वैज्ञानिक लोकनाथ लम्सालले पानी र खाद्यान्नको समस्या हल हुने प्रविधि पत्ता लगाउन सफल भए भने डा. एम.पि. भट्ट, बैभेष भण्डारी , अर्का अन्धा भए पनि विशिष्ट प्रतिभाशाली वैज्ञानिक रमेश प्र. दहालले अनुसन्धान गरी सम्मानित भए भने पूर्वोक्त मितिमै कान्तिपुर पत्रिकाको पुष्ठ ७ मा 'आफ्नै गाडी आफ्नै तेल' शीर्षकमा अखण्ड भण्डारीले लेखेका छन् गाडी आफैंले बनाएर इन्धन तेल पनि आफैंले उत्पादन गरेर प्रयोगमा ल्याएका थिए । फेरि ०७६।९।६ गते आइतबारको दिन प्रात: ५:३० बजेको ढुकढुकी एफ एम अनुसार नेपाली डा. अच्युत अधिकारीले उपचारसम्बन्धी नयाँ आयाम अविष्कार गरेकाले युएसएबाट ५००० यु. एस डलरबाट सम्मानित गरिएका छन् ।

यस्ता धेरै नेपाली डा. वैज्ञानिकहरू देशमा उपेक्षित भई विदेशमा रहेका छन् । दर्जनौं दर्जन डाक्टर वैज्ञानिकहरूलाई नेपालमै अध्ययन गरेर पर्याप्त पारिश्रमिक दिएर सेवा लिनु पर्दछ । राणा चन्द्र शमशेरकै पालामा वैज्ञानिक गेहेन्द्र शम्शेरले अत्याधुनिक पिस्तौलहरू बनाएका थिए ।

सन ०१९ अगस्त ५ तारिखमा उसैको संविधान धारा ३७० र (३५ ए) को अपरिवर्तनीय धारालाई उल्लंघन गरी जम्मु काश्मिरलाई कब्जा गऱ्यो । भुटान जस्तै हो कश्मिर, उसको राष्ट्रिय झण्डा, संविधान अलग छ, ६ वर्षमा चुनाव हुन्थ्यो । हैदरावादको निजाम, सिक्किमलाई जस्तै गरी कब्जा गरेको हो । अहिले पनि भुटानको विदेश र प्रतिरक्षा विभाग उसले लिएको छ, काश्मिरको पनि यही विभाग यसै गरी लिएको थियो । मोनाको, जिव्राल्टर, नोरु, टुभालु, वर्मुदा आदि देशले आफैले गरेका छन् भने भुटान, कश्मिरको भारतले किन गर्नुपऱ्यो । नेपाल, भुटान, माल्दिभ्स, श्रीलंका यी आदि देशले कश्मिर भारतको आन्तरिक मामिला हो भने । यही नीति अबलम्बन गरेर यी देशहरूलाई भविष्यमा कश्मिर जस्तै कब्जा गर्नेछ । वास्तवमा काश्मिर स्वतन्त्र देश थियो र हुनु पर्दछ । सिक्किमलाई संविधानले ३७१ धाराको विशेष दर्जा दिएको छ, काश्मिर मा जस्तै त्यो पनि खोस्ने छ । वास्तवमा संयुक्त राष्ट्रसंघको सुरक्षापरिषद न्यायालयले स्वतन्त्र देश काश्मिरलाई न्याय दिनुपर्दछ ।

भारतले गोर्खा रेजिमेण्ट नेपालीहरूलाई सेनाबाट बर्खास्त एकदिन नगरी छोड्दैन । यसर्थ 'जननी जन्मभुमिश्च स्वर्गादपि गरियसि' लाई चिन्तन मनन गर्दै भारत सरकारलाई नेपालको अतिक्रमित भूमि ससम्मान फिर्ता गरी भविष्यमा यस्तो कुकर्म फेरि गर्ने छैन भने कामसहितको प्रतिज्ञा गर्ने तपाईं भारतीय र बृटिश गोर्खालीहरूले अल्टिमेटम दिनुपर्दछ । चीनले लिपुलेकलाई ट्रान्जिट मार्ग बनाउन थाहै नदिई भारतसँग सम्झौता गऱ्यो, पाकिस्तानलाई उचाल्यो, कश्मिरबारे चीन चुपचाप बस्यो, नेपालको लिम्पियाधुरा, कालापानीबारे चुपचाप छ किनभने थिचोर चोर मौसेरा भाइ हुन् ।

गोर्खा रेजिमेण्टको नामले भारतीय सेनामा पसेका साथै बृटेनमा रहने नेपाली दाजुभाइहरूले समयमै भारतले कब्जा गरेको नेपाली भूभाग फिर्ता गर्न कुकर्म सीमा नाघेको नेपाली सेनामा पुर्णचन्द्र थापा प्रमुख भएका र दुई बुँदा राष्ट्रिय हितका कुरा गरेका हुनाले तपाईंहरूले समेत सहयोग गरी आततायीलाई फाइदा हुने गरी बनाइएको संविधान संसोधन गरी मृत्युदण्ड, नागरिकता पुनरावलोकन, सीमा सिलबन्दी, प्रान्तीय व्यवस्था भंग, युएनएको राष्ट्रपतिलाई पेन्सन नदिने पद्धति जस्तै नेपालमा अधिकृत तहदेखि माथिकालाई सेना र प्रहरीबाहेक अरु भी.आइ.पी र भि.भि.आइ.पि हरूले नपाउने दफाहरू र कोशी, गण्डकी, महाकाली आदि जति पनि बाँध नहरहरूको विद्युत र पानीको अधिकार भारत वा अरु देशलाई दिएको सम्झौता सन्धि भंग गरी आफैंले लिने र सम्पूर्ण नदीहरू पश्चिमका पूर्व र पूर्वका पश्चिमतर्फ उद्गमस्थलदेखि नै डाइभर्ट गरेर सुरुङ्ग मार्गद्वारा सम्भव भएसम्म सम्पूर्ण नदीहरूको पानी नेपालभित्र खपत हुने किसिमको संविधान बनाइ लोकार्षण गरेर लागू गराइ पाकिस्तान, वर्मा आदि देशमा जस्तै सैनिक शासन नगरेर देशभक्त कुलमान घिसिङ, दुर्गा सुवेदी, बुद्धिनारायण श्रेष्ठ, गोकर्ण बिष्ट, दमन ढुङ्गाना, आर.के. मैनाली, प्रा.डा . गोविन्द के.सी, लालबाबु पण्डित, सुशील प्याकुरेल आदि जस्ता परिक्षित ब्यक्तित्वहरूबाट बनेको वा सरकारको वागडोर बनाइ बुझाउने बाहेक देश बचाउने अरु विकल्प छैन ।

सारांशमा मैले भन्न र गर्न चाहेको आत्मनिर्भर हुने उपाय गर्नुपर्दछ । चीनसँग पनि अन्धविश्वास गर्नुहुँदैन । लिपुलेकबारे भारतसँग गोप्य ट्रान्जिट मार्ग वार्ता गऱ्यो । पाकिस्तानलाई बाह्य आक्रमण भए आर्थिक, भौतिक, सैनिक इत्यादि मद्दत गर्ने भनेर काश्मिरबारे सं धारा ३७० र ३५(ए) भङ्ग गरी कब्जा गर्दा आफ्नो आन्तरिक विवाद आफैं समाधान गर मात्र भन्यो, जबकी काश्मिर एउटा सार्वभौम स्वतन्त्र भुटान जस्तै देश हो ।

यता नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानीको ३९५ व.कि.मि भूमि भारतले कब्जा गर्दा मौन भयो र बस्यो । अर्को अत्याधिक विष प्रयोग भएको फलफूल, तरकारीलाई क्वारेन्टाइन जाँच गर्दा राजदुत मंजिम पुरीले फ्री आयात गर भन्दैमा लम्पसार पर्दै जनवादको रटान गर्ने प्रमुखले जनता मार्ने तरकारीहरू आयात गऱ्यो । चिनी उद्योगीहरूसँग कमिसन लिई ३/४ वर्षसम्म उखुको मूल्य दिएन । विद्यार्थीसँग बढी शुल्क लिई ठग्ने ठगहरूसँग कमिशन खाएर धानको भात खाइ स्वतन्त्र छोडिदिने कुकर्म गर्दै आएको छ । यता देशै कब्जा गर्न खोज्ने आततायी प्रमुखलाई बोलाइ आफ्नो अतिक्रमित भूमि फिर्ता लिने निर्णायक वार्ता गर्ने नमाने युएनओतर्फ चाँडै कार्वाही गर्ने व्यवस्था शिघ्रातीशिघ्र गर्नुपर्नेमा रोलवाला उपसभामुख, चरम विदूषी डा.शिवमाया तुम्वाहाम्फेलाई सभामुख नगराएर अपहरण, हत्या गरिएको अर्जुनब.लामा प्रकरणमा सर्वोच्च अदालतमा विचाराधिन व्यक्तिलाई दुईतिहाई बहुमतको दम्भमा सभामुख गराए । उता यस लेखको शिर्षक 'रोम जलिरहेछ निरो बाँसुरी बजाइरहेछ' भने जस्तो भएन र ?, विदेशीको आक्रमण भइरहेको बेलामा मुर्दाशान्तिको माहोल छ ।

रामराज्य स्थापना गर्ने देश, जनता र सम्पत्तिको रक्षा गर्ने संविधान चाहिन्छ, यस्तो बन्न रुस, चीन, फ्रान्स, इत्यादि देशको जस्तो निर्णायक क्रान्ति हुनुपर्दछ । त्यो नेपालमा सम्भव छैन । निरंकुश शासकले यही सेना र प्रहरीद्वारा जनसंहार गर्ने हुनाले वर्तमान ९५ हजार संख्या भएको सेनाले पाकिस्तान, बर्मा इत्यादि देशका सैनिक शासकहरूले जस्तो नगरी अतिक्रमित भूमि फिर्ता गरी अखण्ड राख्न बृटिश र भारतीय सेनामा कार्यरत नेपाली देशभक्तहरूको समेत जन्मभूमि हुनाले अखण्ड र सुरक्षित राख्न ट्रिव्युनल जस्तै सल्लाह गरी एकमत भई वर्तमान निरंकुश सरकारलाई विनारक्तपात भङ्ग गरी पूर्वोक्त निश्कलंक छवि भएका व्यक्तिहरूको सरकार बनाइ मृत्युदण्ड, शुरुदेखिका नागरिकताका प्रमाणपत्र पुनरावलोकन गर्ने, सीमा शिलबन्दी गर्ने नदी, नहर, बाँधहरू, राष्ट्रघाती आजसम्मका सन्धि सम्झौताहरू सबै भङ्ग गरी संयुक्त राज्य अमेरिकाको जस्तै भी.आइ.पी, भी.भी.आइ.पीहरूलाई निवृत्तिभरण नदिने दफा राख्ने, सेना र प्रहरीबाहेक अन्य राष्ट्रभक्तहरूमा अधिकृत तहदेखिका तल्ला दर्जाकाले मात्र निवृत्तिभरण पाउने दफाहरू सदासर्वदा कायम रहने दफाहरूसहित समाबेश भएको राष्ट्र, जन र धनको रक्षा गर्ने संविधान निर्माण गरी सेना र प्रहरीहरूले सख्त कडाइका साथ संविधान लागू गरी माथि लेखिएको व्यक्तिहरू भएको कार्यकारिणी सरकारलाई राज्य पूर्ण संचालनको अधिकार प्रत्यायोजन गर्नु गराउनुपर्दछ ।

शान्तिक्षेत्र, असंलग्न परराष्ट्र नीतिको अनुयायी युएनओको बफादार भएको नेपालले पूर्वोक्त संविधानमा थप दफा सामेल गर्न र राष्ट्रघाती प्रादेशिक ब्यवस्थाहरू जस्ता दफा रद्द गर्न कुनै देशको पनि अनुमती लिनु पर्दैन । डा. भिमराव अम्वेडकर, अन्य देशहरूले पनि नेपालसँग अनुमती लिएका थिएनन् र लिनु पनि पर्दैन ।

पहिले 'देश जलिरहेछ निरो बाँसुरी बजाइरहेछ' भन्ने कपोलकल्पित उखान थियो । अहिले त साँच्चै नै नेपाल नरहने गरी शत्रुले अतिक्रमण गरिरहेछ तर यहाँ चाहिँ निरोरुपी प्र.म बीचमा बसेर बाँसुरी बजाइरहेछन् र छेउ छेउमा दुई पूर्व प्र.म.माधवकुमार नेपाल झलनाथ खनालहरू सारङ्गी रेटिरहेछन् । अर्को पूर्व प्र.म प्रचण्डले मादल बजाएर नाचेको भए क्या मज्जा हुन्थ्यो, सुनमा सुगन्ध थपिन्थ्यो, हगि !

कविता

## कठै मेरी आमा



मेरो बाटो हेर्दै होलिन् कठै मेरी आमा
दु:खका सास फेर्दै होलिन् कठै मेरी आमा !!
मेरो यादले सताउँदो हो घरिघरि उनलाई
मेरो तस्बिर छुँदै रुँदै होलिन् मेरी आमा !!

गरिबीको चपेटामा साहूले जे जे भने पनि
बिना शब्द हरेक कुरा मान्दै होलिन् आमा !!
घरमा हुँदा सधैं मलाई पछ्यौरीमा बेर्थिन्
म नहुँदा कसलाई काखमा राख्छिन् मेरी आमा !!
छिट्टै फर्की म आउँछु है मेरी आमा
तिम्रो मुहारमा फेरि खुसी ल्याउँछु है मेरी आमा !!

● सञ्जु ओली
(दोलखा)

## सेलिब्रेटी बन्ने मोह

अमोद सिद्धि

यो देशमा
दिन परदिन
नयाँ नयाँ सेलिब्रेटी थपिएका छन्
कति सेलिब्रेटी थाम्न सक्छ कुन्नि
यो सानो देशले ???
सेलिब्रेटी अर्थात ठुला मान्छे
चर्चित मान्छे !
अथवा नयाँ भाषामा भन्दा
भाइरल पो भन्ने कि !!
भेटिन्छन् अचेल
ताल तालका सेलिब्रेटीहरू
केहि हप्ता अघि सम्म
रबि लामिछाने, ज्ञानेन्द्र शाही बिजय शाही, रन्जु दर्शना खै को को सेलिब्रेटी थिए ।
फेरि थपिएछन एक थान नयाँ सेलिब्रेटीहरू !
पुण्य गौतम त
थुप्रै भयो भाइरल भएको
फेरि आएछ पुण्य नामको प्रसाईं !
आइछन फेरि अर्की
जापान देखि ज्वाला !
जे होस मेरो देश !
अरु कुरामा गरिब भएपनि
सेलिब्रेटिको मामिलामा धनी नै छ !
एकहप्ता पर्खनोस !
फेरि कुन नयाँ अवतार देखा पर्ने हुन !
यहाँ हप्ता हप्ता दिनमा
नयाँ सेलिब्रेटी थपिन्छन !
खै जनता नै त्यस्तै मूर्ख हुन कि
प्रतिभाहरूको बाढी आएको हो ???
बुझ्नै गाह्रो भो !
यहाँ
ग्राहक भन्दा पसले धेरै छन् ।
कार्यकर्ता भन्दा नेता धेरै
पाठक भन्दा लेखक धेरै
दर्शक भन्दा अभिनेता धेरै !
श्रोता भन्दा एफ एम धेरै !
एउटीले किताब लेखिछ
'मोदनाथले मलाई बलात्कार गर्यो'
बस ! उ त सेलिब्रेटी पो बनिछ !
आह ! कति सजिलो छ
यहाँ सेलिब्रेटी बन्न !
भाइरल बन्नकै लागि हो या
गरिबीको कारण हो
एउटा ले आफ्नो मृगौला बेच्न
बिज्ञापन गरेछ !
यदि कसै संग साँच्चै नै प्रतिभा छ,
र, प्रतिभाको सुगन्ध फैलिन्छ भने
त्यो दिगो हुन्छ । सबैको हित हुन्छ ।
तर जबर्जस्ति बनाइएको सेलिब्रेटी
गन्हाउँदो रहेछ ।
मुनामदन कहिल्यै बासी हुँदैन
नारायण गोपालको गित
सधैं समधुर सुनिन्छ !
एकातिर प्रतिभाहरू ओझेलमा परेको देख्छु ।
अर्कोतिर अर्थ न बर्थका स्वाँठहरू
हल्ला मच्चाउँदै सेलिब्रेटी बनेका छन् ।
यो कुरुप समाजको संकेत हो ।
यो समाज रोगी भएछ ।
अचम्म लाग्छ
अचम्म लाग्छ !
पुण्य प्रसाईं लाई महान नेता
भन्नेहरू पनि भेटिए !
त्यस्तै मानिसहरू हुन, जो भन्ने गर्छन् (
मदन भण्डारी केहि होइनन्
उनले अवसर पाएनन् र पो महत्व बढेको हो
उनी पनि बाँचेको भए प्रचण्ड जस्तै त हुन्थे !!!
बिपी के हुन् र ???
यो बजारमा पुण्य प्रसाइ, पुण्य गौतम र मुकुन्देलाइ महान देख्नेहरू भेटिन्छन
अनि कुलमान के हुन् र??
कुलमानलाई जस पाउने अवसर मात्रै मिलेको हो
गोबिन्द के सी चर्चा कमाउन अनशन बसेको हो !
यस्तो मुल्यांकन गर्ने स्वाँठहरू पनि छन्
बुझ्नै गाह्रो भयो-
बुझ्नै गाह्रो भयो-
मुकुन्दे र पुण्य प्रसाइलाइ महान
भन्नेहरूले व्यङ्ग्य गरेका हुन्
या साँच्चै भनेका हुन ???
मख्ख परेका छन पुण्य प्रसाईं
फेसबुकमा आफ्नो प्रशंसामा लेखिएका शब्दहरू पढेर !
मख्ख परेकी छिन
शारदा भुसाल !
आफू बलत्कृत भएको कथा लेखिएको पुस्तकको बिक्री
दिन प्रतिदिन बढिरहेको देखेर ।
अनि कृष्ण अविरलको त
भुइँमा खुट्टा छैन रे
भन्दै थियो एउटाले एकै हप्ता अगाडि भृकुटीमण्डपमा !

# अमेरिकामा प्रेसिडेन्सियल डिबेटको इतिहास र महत्व



विष्णु भट्टराई

'सुपर पावर' अमेरिकाका लागि 'सुपरमेन' को निर्वाचन आगामी नोभेम्बर ३ मा हुँदैछ । वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प दोस्रो कार्यकालका लागि चुनावी मैदानमा छन् । उनलाई कडा टक्कर दिइरहेका छन् बाराक ओबामाका तत्कालीन उपराष्ट्रपति जो वाइडेन । ७८ वर्षीय वाइडेनले डेमोक्र्याट पार्टीको प्रतिनिधित्व गरिरहेका छन् भने ट्रम्पले रिपब्लिकन पार्टीको । ७४ वर्षीय ट्रम्प कोरोना संक्रमित भएर पनि उनले आइसोलेसनमा बस्नुपर्ने विश्व स्वास्थ्य संगठनको स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरेनन् । कोभिड-१९ लाई चिनियाँ भाइरसको संज्ञा दिने ट्रम्पले मास्क समेत लगाउने गरेका थिएनन् । जब उनमा परीक्षणपछि कोभिड-१९ पोजेटिभ देखियो उनी सैनिक अस्पताल भर्ना भए । तीन दिनमै उनमा नेगेटिभ देखिएपछि उनले अस्पताल छोडे । यसको एउटै कारण थियो चुनावी प्रचार । ट्रम्प ह्वाइट हाउसमा हाजिर भए र दैनिक काममा फर्किए । उनले कतिलाई कोरोना संक्रमित बनाए होलान त्यो बेग्लै पाटो हो । यद्यपि सैनिक डाक्टरहरूले राष्ट्रपतिबाट कोरोना सर्दैन भनेर उनको बचाव गरेका छन् ।

अमेरिकामा राजनीतिक पार्टीहरू धेरै भए पनि मुख्य चुनावी प्रतिस्पर्धा भने रिपब्लिकन डेमोक्रयाटबीच नै हुने गरेको छ । दुनियाँमा जहाँ बहुदलीय व्यवस्था अंगिकार गरिएको छ त्यहाँ प्रायः द्विदलीय व्यवस्थाकै हालिमुहाली देखिने गरेको छ । अमेरिका, बेलायत, फ्रान्स हुन् या एसियाली मुलुकहरू जापान, भारत, थाइल्याण्ड, श्रीलंका लगायतका मुलुकहरू हुन । क्षेत्रीय दलहरूलाई छोडेर चुनावी प्रतिस्पर्धा मुख्य दुई दलबीच नै हुने गरेको छ । यसको प्रभावबाट नेपाल पनि अछुतो रहेको छैन । यहाँ पनि कम्युनिस्ट र कांग्रेसबीच नै प्रतिस्पर्धा हुने गरेको छ चुनावमा । अमेरिकामा प्रायः सत्ता दोहोरिने गरेको देखिन्छ । यसलाई मान्ने हो भने रिपब्लिकन पुनः सत्तामा आउनुपर्ने हो । तर यसपटक क्रमभंग हुने सम्भावना पनि त्यत्तिकै छ । किनकि अमेरिकी राष्ट्रपति ट्रम्प अमेरिकाभित्रै आलोचित छन् । 'मेक अमेरिका ग्रेट अगेन' नारा दिएर सन् २०१६ को अमेरिकी राष्ट्रपति निर्वाचनमा लडेका ट्रम्पले लोकप्रिय महिला उम्मेदवार हिलारी क्लिन्टनलाई पछि पारेका थिए । मेक्सिकोको सीमामा पर्खाल लगाउने उद्घोष गरेका ट्रम्पले जो वाचा पनि पूरा गरेनन् । अश्वेत अमेरिकीहरूप्रति अनुदार ट्रम्पलाई अश्वेत मतले नै कतै पराजित त गर्ने होइन ? भन्ने आशंका पनि गरिँदैछ । यस्तो आप्रवासी महिलाप्रतिको उनको धारणा पनि उनलाई हराउन सघाउने मानिन्छ ।

कोरोना महामारीका कारण अमेरिकाको अर्थव्यवस्था ओरालो लागेको छ । विश्वमा सबभन्दा बढी कोरोना भाइरस संक्रमित अमेरिकीहरू नै छन् र मर्नेहरू पनि । कोरोना नियन्त्रणमा ट्रम्प प्रशासनले लापर्बाही गरेको अमेरिकीहरूले आरोप लगाइरहेका छन् । यस्तै चीनसँग ट्रम्प प्रशासनले व्यापार युद्ध गरेका कारण पनि अमेरिकी अर्थतन्त्र डगमगाएको विश्लेषण गरिएको छ । चीनसँग ट्रम्पको सम्बन्ध खराब छ तर चुनावी प्रचारका सामग्री ट्रम्पका लागि चीनले नै बनाइरहेको छ । विश्व आतंकवादसँग लड्न पनि ट्रम्पसँग दूरदर्शी योजना नरहेको धेरै अमेरिकीहरूको मान्यता छ । हुलाकबाट गरिने यसपटकको मतदानमा धाँधली हुने भनेर ट्रम्प टर्सिरहेका छन् ।

अमेरिकी राजनीतिमा लामो समयदेखि केवल दुई पार्टी, डेमोर्क्याटिक र रिपब्लिकन हावी छन् । सन् १८५२ यताका हरेक निर्वाचन यिनै दुईमध्ये एकले जितिरहेका छन् । सन् १८५६ यता अमेरिकी व्यवस्थापिका (कंग्रेस) मा पनि यिनै दुई दलको आधिपत्य छ । समय-समयमा तेस्रो दलले पनि राज्य एवं राष्ट्रिय तहका व्यवस्थापिकामा स-साना प्रतिनिधित्व प्राप्त नगरेका भने होइनन् । तर, ती दल कहिल्यै स्थापित हुन सकेका छैनन् । यी दलबाट राष्ट्रपति हुने त सम्भावना नै देखिँदैन । राष्ट्रपतीय उम्मेदवार भनेर आमरूपमा डेमोक्रेट्स र रिपब्लिकन पार्टीका उम्मेदवार नै हुन्छन् ।

एकपटक यी दुई पार्टीले आफ्नो राष्ट्रपतीय उम्मेदवार निर्क्योल गरिसकेपछि निर्वाचन उम्मेदवारबीच राष्ट्रपतीय डिबेट हुन्छ । पछिल्लो समय डिबेट (बहस) अमेरिकी राष्ट्रपतीय चुनावको महत्वपूर्ण हिस्सा बनिसकेको छ । यसको बहस तत्कालीन समयका सबैभन्दा जल्दोबल्दो विषयमा केन्द्रित हुने गर्छ । राष्ट्रपतीय बहसलाई त्यहाँ कानुनमार्फत नै वैधानिकता दिइएको छ । यसको उद्देश्य चुनावको मुखमा उम्मेदवारको अडानबारे अवगत गराउनु र लोकतन्त्रलाई सबल बनाउने रहेको छ । त्यसका अतिरिक्त कुनै दल वा उम्मेदवारबारे निर्णय नगरिसकेका मतदातालाई उम्मेदवारबारे जानकारी दिनु पनि यसको मनसाय हो । यसैले यो डिबेटलाई मतदाता शिक्षा मानिन्छ ।

अहिले अमेरिकी राजनीतिमा महत्वपूर्ण स्थान ओगटेको राष्ट्रपतीय डिबेटको इतिहास भने त्यति पुरानो छैन । राष्ट्रपतीय डिबेटको सञ्चालन अमेरिकीमाभ्रm टेलिजिभनको प्रयोग व्यापक भइसकेको १९६० बाट सुरु भएको हो । यद्यपि, डिबेटलाई सुरुदेखि नै रेडियोहरूले पनि प्रसारण गर्ने गर्छन् । पछिल्लो समय इन्टरनेटको प्रभाव बढेसँगै ती माध्यमबाट पनि प्रसारण सुरु भएको छ ।

सन् १९६० को चुनावमा पहिलोपटक राष्ट्रपतीय डिबेट सम्पन्न भएको थियो । सिकागोस्थित सिबिएस टिभीको प्रसारण केन्द्रमा सम्पन्न डिबेटमा रिपब्लिकन पार्टीका उम्मेदवार रिचार्ड निक्सन र डेमोक्रेटिक पार्टीका प्रत्यासी जोन एफ. केनेडी सहभागी थिए । दुई प्रत्यासीबीच चार अलग-अलग डिबेट भएका थिए, तर यीमध्ये सबैभन्दा पहिलो डिबेटले धेरै प्रभाव पार्‍यो । सोही बहसले केनेडीलाई राष्ट्रपतिको आसनमा पुर्‍याउन सघाएको मानिन्छ ।

केनेडी र निक्सनबीचको बहस अमेरिकी चुनावको पहिलो राजनीतिक बहस थिएन । त्यसको सय वर्षअघि नै सन् १८५८ मा अब्राहम लिंकन र स्टफेन ए. डग्लसबीच भएको थियो । तर, सो बहस राष्ट्रपति पदका लागि भएको थिएन । ती दुई इलियानोस राज्यको सिनेट पदका लागि प्रतिस्पर्धा गर्दै थिए । मोडरेटर नराखी खुला स्थानमा सम्पन्न बहसमा दुई नेताले आफ्नो चुनावी मुद्दा सर्वसाधारणसामु राखेका थिए ।

डिबेटको केन्द्रमा तत्कालीन समयमा अमेरिकामा चर्को विवादको विषय बनेको दासप्रथा थियो । लिंकनले दासप्रथालाई प्रश्रय दिन नहुने प्रगतिशील विचार अघि सारेका थिए भने डग्लस यथास्थितिकै पक्षपाती देखिए । बहसलाई लिएर स्थानीय पत्रिकाहरू लिंकन र डग्लसको पक्ष र विपक्षमा बाँडिए । लिंकनले बहसको विषय समेटेर पछि पुस्तक नै निकाले, जुन राज्यभन्दा बाहिर पनि चर्चित बन्यो ।

बहसको व्यापक कभरेजका कारण कम परिचित राजनीतिज्ञ लिंकन एकाएक अमेरिकी राष्ट्रिय राजनीतिमा चर्चामा आए । हुन त सिनेटको चुनाव डग्लसले जिते, तर यो बहसले अब्राहम लिंकनलाई घाटा भने गरेन । सन् १८५८ को बहसका कारण उनी अमेरिकी सर्वसाधारणमाभ्रm परिचित भए र दुई वर्षपछिको राष्ट्रपति चुनावमा बलियो प्रतिस्पर्धी बने ।

निकै ध्रुवीकृत सन् १८६० को राष्ट्रपतीय निर्वाचन अन्ततः लिंकनले जिते । यसपछि एक-दुईपटक राष्ट्रपतीय बहसको प्रयास भए पनि तिनले सार्थक रूप लिन सकिरहेका थिएनन् । त्यसपछि सन् १९४८ र सन् १९५६ मा पनि चुनावी डिबेट भए । तर, ती डिबेट राष्ट्रपतिका अन्तिम दुई उम्मेदवारबीच नभएर पार्टीले आन्तरिक आकांक्षीहरू छनोट गर्न आयोजना गरेका थिए ।

अमेरिकाको प्रभावशाली केनेडी परिवारबाट आएको भए पनि ४३ वर्षका केनेडीलाई अनुभवहीन उम्मेदवारका रूपमा हेरिएको थियो । उनी अमेरिकी राजनीतिमा शक्तिशाली मानिने सिनेटमा विजयी भएको पनि धेरै भएको थिएन । उता, निक्सन भने आठ वर्ष उपराष्ट्रपति रहिसकेका थिए । यसैले अनुभवी, परिपक्व उम्मेदवारको हिसाबमा उनले अग्रता लिएका थिए । उनले यस अग्रताका कारण हुन सक्छ, आत्मविश्वासका साथ पहिलो राष्ट्रपतीय डिबेटको तयारीमा ध्यान दिएनन् ।

बहसको व्यापक कभरेजले लिंकन एकाएक राष्ट्रिय राजनीतिज्ञका रूपमा उदाए । उनले बहसमा उठाइएका विषय समेटेर पछि पुस्तक निकाले, जुन राज्यभन्दा बाहिर पनि चर्चित बन्यो । सिनेटको चुनाव डग्लसले जिते, तर यही बहसको परिणाम अब्राहम लिंकन अमेरिकाभरका आमसर्वसाधारणमाभ्रm परिचित भए र उनी दुई वर्षपछिको राष्ट्रपति चुनावमा बलियो प्रतिस्पर्धीका रूपमा उदाए ।

निक्सनले यस त्रुटिका कारण आफ्नो अग्रता मात्रै गुमाएनन्, राष्ट्रपतीय चुनावमा हार भोगे । निक्सन डिबेटमा एउटा राजनीतिक र्‍याली सकाएर पुगेका थिए । उनको अनुहार एकदम मलिन तथा थकित देखिएकाले डिबेट आयोजकले उनलाई मेकअपको प्रस्ताव राखेको बताइन्छ । तर, उनले आयोजकको प्रस्ताव अस्वीकार गरिदिए । बरु उनकै टिमका मानिसले उनको अनुहारमा रहेको दाह्री काट्दा बसेको डामले असर पार्ने लागेर केही क्रिम दलिदिएका थिए । तर, यसले उल्टो नकारात्मक असर गर्‍यो । डिबेट सम्पन्न भएको कक्षमा एयरकन्डिस्नरको व्यवस्था नहुँदा गर्मी थियो । यसका कारण उत्पन्न पसिनाले उनको क्रिम बगाएकाले अनुहार भ्रmनै उत्साहहीन देखिन्थ्यो ।

डिबेट अवधिभर टेलिभिजन पर्दामा निक्सनको मुहार निकै थाकेको र गलेको देखिएको थियो । डिबेटमा निक्सनको यस्तै अनुहार देखेर डिबेट सकिएलगत्तै निक्सनकी आमाले उनलाई फोन गरेर केही बिरामी भएको छ कि भनेर सोधेकी थिइन् रे । उता, केनेडी केही दिनअघिदेखि एक होटेलमा सहयोगीका साथ डिबेटको तयारीमा जुटेका थिए र डिबेटमा आउनुअघि उनले आराम गरेको बताइन्छ । उनको प्रस्तुति निकै सहज तथा आत्मविश्वासी देखिन्थ्यो । निक्सनको प्रस्तुति पनि कमजोर थिएन । तर, प्रस्तुति र बडिल्याङ्ग्वेज विषयमाथि हावी भयो ।

केनेडीले डिबेटका लागि लगाएको चहकिलो कोटले समेत उनलाई फाइदा गरेको बताइन्छ । डिबेट कक्षको भित्ताको रङ र निक्सनको खैरो रङ मिलेकाले श्यामश्वेत टेलिभिजनको जमानामा उनी त्यति खुलेका देखिएका थिएनन् । सन् १९६० को राष्ट्रपतीय डिबेटमा दुई सहभागीको एजेन्डामा खासै भिन्नता थिएन । दुवैले राष्ट्रिय सुरक्षा, कम्युनिजमको खतरा, अमेरिकी सेनाको सुदृढीकरण आदिलाई जोड दिएका थिए । बहसको एक क्षणमा निक्सन आफैँले केनेडीको भनाइमा सहमति जनाएका थिए । ऐतिहासिक रेकर्डका अनुसार निक्सनले सो दिन आफूले तयारीमा जोड नदिएकोमा पछुतो मानेका थिए । पहिलो टेलिभिजन बहसबाटै अमेरिकी राष्ट्रपतीय चुनावमा नीतिभन्दा प्रस्तुति हावी हुने युग सुरु भएको मानिन्छ ।

केनेडीको हत्या, निक्सन (केनेडीसँग हारेका निक्सनले आठ वर्षपछिको राष्ट्रपतीय चुनाव जितेका थिए)को राजिनीतिक स्क्यान्डलजस्ता कुराले सन् १९६० पछिका तीन चुनावमा पुनः राष्ट्रपतीय डिबेट भएन । तिनमा प्रभाव परेको थियो । त्यसपछि एकैपटक सन् १९७६ मा राष्ट्रपतीय डिबेट भयो । डिबेटमा रिपब्लिकन उम्मेदवार जेराल्ड फोर्ड तथा डेमोक्रेटिक प्रतिद्वन्द्वी जिमी कार्टर सहभागी भए । यही डिबेटका क्रममा फोर्डले पूर्वी युरोपमा कुनै पनि सोभियत नियन्त्रण नभएको टिप्पणी गरेपछि उनको जनमत एक्कासि खस्कियो ।

चुनावमा कार्टर विजयी भए । सन् १९८० को राष्ट्रपतीय डिबेटमा कमजोर प्रदर्शन गरेका कारण कार्टरले दोस्रो कार्यकाल शासन गर्न पाएनन् । उनले अभिनयबाट राजनीतिमा प्रवेश गरेका रोनाल्ड रेगनसँग चुनाव हार्नुपर्‍यो । पछि राष्ट्रपतीय डिबेट अमेरिकी राष्ट्रपति चुनावको अनिवार्य हिस्सा भयो । यसलाई व्यवस्थित गर्न सन् १९८७ मा एक स्वतन्त्र निकाय कमिसन अन प्रेसिडेन्सियल डिबेट्सको स्थापना गरियो ।

अमेरिकाका दुई पार्टीले यस निकायको गठनमा सहमति जनाएका थिए । पहिलो राष्ट्रपतीय डिबेट टेलिभिजन च्यानलहरूको प्रयासमा सम्भव भएको थियो । त्यसपछिका तीन डिबेट राजनीतिमा महिलाको सहभागिताको वकालत गर्ने संगठन लिग फर वुमिन भोटर्स नामक संगठनले प्रायोजन गर्‍यो । सन् १९८८ को चुनाव र त्यसपछिका हरेक राष्ट्रपतीय डिबेटको संयोजन तथा प्रायोजन कमिसन अन प्रेसिडेन्सियल डिबेट्सले गरिरहेको छ ।

कमिसन अन प्रेसिडेन्सियल डिबेट्सले राजनीतिक स्वतन्त्रता कायम गर्नका लागि न कुनै दलबाट अनुदान लिन्छ, न त सरकारबाट नै । उसले निजी अनुदानमार्फत उठाएको पैसाले डिबेट मात्रै गर्दैन, त्यसको तयारीसम्बन्धमा अनुसन्धान पनि गर्ने गर्छ । यो निकायमा अमेरिकाका दुवै ठूला पार्टीका पूर्वपार्टीप्रमुख बस्ने चलन छ । तिनले उम्मेदवार तथा तिनको चुनावी अभियान टिमसँग समन्वय गरेर डिबेटको फर्म्याटमा सहमति कायम गर्छन् ।

कमिसन अन प्रेसिडेन्सियल डिबेट्सले डिबेटको मोडरेटरको पनि चयन गर्छ । मोडरेटरका लागि कमिसनले विभिन्न मापदण्ड तोकेको छ । कमिसनको आधिकारिक वेबसाइटका अनुसार मोडरेटरले तीनवटा मापदण्ड पूरा गरेका हुन्छन् : १) उम्मेदवारलाई राम्ररी चिनेको हुनुपर्ने र राष्ट्रपतीय चुनावी अभियानको प्रमुख मुद्दाबारे जानकार हुनुपर्ने, २) प्रत्यक्ष टेलिभिजन कार्यक्रम सञ्चालनको गहिरो अनुभव भएको, ३) डिबेटको प्रमुख ध्यान उम्मेदवारमाथि र तिनका विचारमाथि हुनुपर्छ भन्ने बुझाइ भएको । प्रश्न चयनको सम्पूर्ण जिम्मा भने मोडरेटरको मात्र हुन्छ । प्रश्न उम्मेदवारलाई मात्र होइन, तिनलाई चयन गर्ने कमिसन अन प्रेसिडेन्सियल डिबेट्सलाई पनि देखाउन पाइनेछैन ।

तिनले कुनै पनि चुनावी अभियानका टिमसँग भेट्न पाउँदैनन् र कुनै दलको चुनावी टिमले पनि यही व्यक्तिलाई मोडरेटर बना भन्न पाउँदैन । यो भूमिका भने कमिसन अन प्रेसिडेन्सियल डिबेटको मात्र हुन्छ । विगतमा एकभन्दा बढी मोडरेटर राखिने चलन भए पनि सन् १९९६ देखि भने एउटा डिबेट समारोहलाई एकजना मोडरेटरले नै सञ्चालन गरिरहेका छन् । त्यसको अपवाद भने सन् २०१६ को दोस्रो राष्ट्रपतीय डिबेट समारोह थियो । त्यसलाई एबिसी च्यानलकी मार्था रबाट र सिएनएनका एन्डरसन कुपरले संयुक्त रूपमा सञ्चालन गरेका थिए ।

कमिसन अन प्रेसिडेन्सियल डिबेट्सले राजनीतिक स्वतन्त्रता कायम गर्नका लागि न कुनै दलबाट अनुदान लिन्छ, न त सरकारबाट नै । उसले निजी अनुदानमार्फत उठाएको पैसाले डिबेट मात्रै गर्दैन, त्यसको तयारीसम्बन्धमा अनुसन्धान पनि गर्ने गर्छ । यो निकायमा अमेरिकाका दुवै ठूला पार्टीका पूर्वपार्टीप्रमुख बस्ने चलन छ ।

अमेरिकी राष्ट्रपतीय बहसको ढाँचाको कुरा गर्दा ती सधैँ एकैनासे हुँदैनन् । कुनै बहसमा उम्मेदवार पोडियममा उभिएका हुन्छन् भने कुनैमा कन्फरेन्स टेबलका दुईतर्फ उम्मेदवार र अर्कातर्फ मोडरेटर हुन्छन् । कस्तो फर्म्याटमा बहस गर्ने, त्यसबारे पहिले नै तय गरिएको हुन्छ । कुनै ओपनिङ स्टेटमेन्ट हुँदैन, क्लोजिङ स्टेटमेन्ट मात्रै राखिन्छ । पहिलो प्रश्नको उत्तर र समापन मन्तव्य कसले दिने टसबाट निर्क्योल गरिन्छ । प्रश्न सोधेपछि प्रत्येक उम्मेदवारलाई उत्तरका लागि दुई मिनेट समय दिइन्छ । त्यसपछि प्रतिस्पर्धी उम्मेदवारलाई पूर्ववर्ती उत्तरदाताको उत्तरप्रति प्रतिक्रिया जनाउन र आफ्ना कुरा राख्न एक मिनेट दिइन्छ । मोडरेटरले स्वविवेकमा छलफलको अवधि हरेक उम्मेदवारका लागि ३० सेकेन्डसम्म लम्ब्याउन सक्छन् । पछिल्लो समय जनाउ दिन ट्राफिक लाइटको पनि प्रयोग गरिन थालिएको छ । यसमा हरियो बत्तीले ३० सेकेन्ड, पहेँलोले १५ सेकेन्ड र रातो बत्तीले ५ सेकेन्ड समय बाँकी रहेको जनाउँछ । समय सकिएको जनाउ दिन कहिलेकाहीँ बजरसमेत प्रयोग गरिन्छ ।

अमेरिकी मिडियामाभ्रm खुलेर राजनीतिक पक्षधरता लिने परम्परा छ । त्यस्तो वातावरणमा काम गरेका टिभी प्रस्तोता मोडरेटर हुँदा तिनबाट कुनै एक उम्मेदवारप्रति उग्र पक्षधरता नहोस् भन्ने ख्याल गरिन्छ । पछिल्लो समय हरेकपटकका राष्ट्रपतीय डिबेटहरू अघिल्लाभन्दा उग्र भएको चर्चा चल्ने गर्छ । सन् २०२० को राष्ट्रपतीय चुनावका लागि सेप्टेम्बर २९ मा सम्पन्न पहिलो राष्ट्रपतीय चुनावमा सहभागी दुई उम्मेदवारले विगतका सबै दृष्टान्तलाई बिर्साउने गरी उग्रता देखाएको भन्दै सर्वत्र विरोध भइरहेको छ । तर, राष्ट्रपतीय बहस उम्मेदवारका चुनावी मुद्दामा भन्दा तिनको व्यक्तित्व र प्रस्तुतिमा केन्द्रित हुन लागेको यस्तो स्थिति आउनु स्वाभाविक भएको केही विज्ञले बताउने गरेका छन् ।

उम्मेदवारले राम्रो तयारीमार्फत डिबेटमा आफ्ना कमजोरीलाई ढाकछोप गर्न सक्ने र मानिसलाई भ्रमपूर्ण तरिकाले आकर्षित गर्न सक्ने तिनको विचार छ । उम्मेदवारबारे जानकारी दिने र चुनावी शिक्षाको काम गर्ने भन्ने मूल उद्देश्य गुमिसकेको ती विज्ञको आरोप छ । यस्ता विज्ञ राष्ट्रपतीय डिबेटको औचित्य नरहेको बताउँछन् । त्यसबाहेक अधिकांश राष्ट्रपतीय डिबेटमा प्रमुख दुई दलका उम्मेदवार मात्र सहभागी भएको कुरामा पनि विरोध हुने गर्छ । अमेरिकामा दुई ठूला दलका अतिरिक्त अन्य स-साना दल तथा स्वतन्त्र रूपमा पनि राष्ट्रपतीय उम्मेदवार हुन्छन् । तर, तिनलाई राष्ट्रपतीय डिबेटमा सहभागी नगराइँदा तिनको चर्चा नै हुँदैन । यसले प्रणाली सबैका लागि समान नभएको आरोप लाग्ने गरेको छ ।





तर, राष्ट्रपतीय डिबेटले राष्ट्रपति पदका प्रत्यासीबारे देशभर जानकारी हुने प्लेटफर्म दिएको कुरालाई नजरअन्दाज गर्न सकिँदैन । अमेरिका निकै ठूलो देश हो । आकारले यो विश्वको चौथो ठूलो देश हो र जनसंख्याका आधारमा चीन र भारतपछि तेस्रो ठूलो देश हो । राष्ट्रपतिको प्रत्यक्ष चयनले हरेक अमेरिकी मतदातालाई देशको शासनसँग आफू पनि जोडिएको महसुस गराउने विश्वास गरिन्छ । यो विश्वास लिनेहरू राष्ट्रपतीय निर्वाचनले अमेरिकीलाई एकतामा बाँध्न सघाएको मान्छन् ।

(एजेन्सीहरूको सहयोगमा)
(एजेन्सीहरूको सहयोगमा)

कोभिड १९ र बन्दाबन्दीका कारण
बढ्दो आत्महत्या न्यूनीकरणका लागि
निम्नानुसार गरौं

- सेवा प्रवाहमा विभेद नगरौं ।
- पहुँचवालाको काम तत्काल हुने र पहुँच नहुनेको कामको लागि निरन्तर धाउनुको विकल्प नहुनुको संस्कृति तत्काल हटाऔं ।
- गैह्रकानूनी लाभका लागि जस्तोसुकै कार्य गर्ने प्रवृत्तिले ल्याएको सामाजिक विचलनलाई परास्त गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रेरक

## एक रुपैयाँ



ईश्वरचन्द्र विद्यासागर कलकत्ताको ठूलो बजारको बाटो हुँदै कतै जाँदै थिए। बाटामा उनले १४-१५ वर्षको एउटा केटालाई भेटे। नांगा खुट्टा, फाटेका लुगा र निन्याउरो अनुहार उसको हालत बताउन पर्याप्त थियो। उसले विद्यासागरसँग गिड्गिडाउँदै भन्यो, 'कृपया, मलाई एक आना दिनुस्, म दुई दिनदेखि भोको छु।'

ईश्वरचन्द्रले त्यस केटालाई भने, 'ठीक छ, म आज तिमीलाई एक आना दिन्छु, तर तिमी भोलि के गर्छौ ?' 'भोलि म अरू कसैसँग माग्नेछु,' त्यो केटाले जवाफ दियो। 'यदि मैले तिमीलाई चार आना दिएँ भने तिमी के गर्छौ ?' ईश्वरचन्द्र विद्यासागरले उसलाई फेरि सोधे। 'त्यसबाट एक आनाको खाना खान्छु र बाँकी रहेको तीन आनाको सुन्तला ल्याएर यही सडकमा बसेर बेच्नेछु,' त्यस केटाले भन्यो। 'यदि मैले एक रुपैयाँ दिएँ भने नि ?' 'यदि तपाईंले एक रुपैयाँ दिनुभयो भने म व्यवस्थित रूपले काम गर्नेछु,' त्यो केटाले खुसी हुँदै भन्यो।

विद्यासागरले उसलाई एक रुपैयाँ दिए। त्यो केटाले त्यो पैसाको सामान ल्याएर बेच्न थाल्यो। धेरै दिनपछि एक दिन ऊ आफ्नो पसलमा बसिरहेको थियो। तब उसको दृष्टि विद्यासागरमा पुग्यो। उसले विद्यासागरलाई आफ्नो पसलमा लिएर आयो र हात जोडेर भन्यो, 'तपाईंले ममाथि जुन उपकार गर्नुभएको थियो, त्यो म कहिल्यै बिर्सन सक्दिनँ। यो लिनुस् तपाईंले दिएको एक रुपैयाँ।' विद्यासागरले मुस्कुराउँदै भने, 'यसमा मेरो आभार मान्नुपर्ने आवश्यकता छैन। एक देशवासी हुनुको नाताले यो मेरो कर्तव्य थियो। तिमी आफ्नै मिहिनेतले मेरो त्यो एक रुपैयाँ फिर्ता गर्न समर्थ भयौ। अब यो रुपैयाँ तिमी अरू कुनै योग्य र आवश्यकता परेको मानिसलाई देऊ।'

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ला। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

### वृष

छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। आवेशको व्यवहार र सानो असमझदारीले आफन्तजन टाढिन सक्छन्। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

### मिथुन

कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउनेछ।

### कर्कट

मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्‍याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। वादविवादले पनि अल्झिएका काममा बाधा पुर्‍याउनेछ। छिद्र खोतल्नेहरूबाट सावधान रहनुहोला। यात्राको योग छ।

### सिंह

बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। अनावश्यक अलमलले चिताएका काममा बाधा पुग्नेछ। समस्या समाधान गर्न काम दोहोर्‍याउनुपर्ने हुन सक्छ।

### कन्या

आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला। सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ।

### तुला

आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। आम्दानी मनग्य भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ।

### वृश्चिक

नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्‍याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। व्यवसायमा पनि फाइदै हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउनेछ।

### धनु

चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्‍याउनुहोला। सामाजिक कामको जिम्मेवारी प्राप्त हुने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुनसक्छ।

### मकर

परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। गोपनीयता बाहिरिनाले पनि समस्यामा परिनेछ। फजुल खर्च बढ्ने र लेनदेनमा पनि नोक्सान पुग्ने देखिन्छ।

### कुम्भ

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। नयाँ परिवेशमा पुगिए पनि मनमा दुविधा कायम रहनेछ। काममा अधिक खर्च हुनेछ।

### मीन

चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्‍याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोग तथा शत्रुमाथि विजय प्राप्त हुनेछ। प्रतिस्पर्धाको दौडमा समेत जित हासिल हुनेछ।

## समाचार संक्षेप

### महामारी पीडितका लागि आइएमईको "भरोसा कोश"

काठमाडौं- कोरोना भाइरस (कोभिड-१९) महामारीबाट विदेशमा मृत्यु भएकाका आफन्तजनलाई यथाशक्य सहयोग गर्ने एक मात्र उद्देश्यका साथ आइएमईले 'भरोसा कोश' को स्थापना गरेको छ।

कोशमा सन् २०२० को जनवरी १ देखि अक्टोबर १६ (२०७६ साल पुस १६ देखि २०७७ साल असोज ३०) सम्म कोभिड-१९ का कारण विदेशमा मृत्यु भएका नेपाली श्रमिकका नेपालमा हुने इच्छुक आफन्तहरूले आवश्यक विवरणसहित पानीपोखरी, काठमाडौंमा अवस्थित आइएमई ग्रुपको केन्द्रीय कार्यालयहरूका साथै सबै प्रदेशमा अवस्थित प्रादेशिक कार्यालयहरूमा मिति २०७७ साल कार्तिक मसान्तसम्म आवेदन दिन सक्नुहुनेछ।

यसरी रितपूर्वक प्राप्त हुन आएका आवेदन उपर छलफल गरी आर्थिक सहायता उपलब्ध गराइनेछ। यस सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार कम्पनीमा निहित हुनेछ। आइएमई व्यवस्थापनले आफ्ना आधिकारिक वेभ-साइटहरू मार्फत आज एक आह्वान पत्र जारी गर्दै उक्त कुरा बताएको हो।

हामी नेपालीले मनाउँदै आएका चाडपर्वहरूको यो मौसम पनि यसवर्ष हामीलाई फिक्का लागेको छ। त्यसैले पनि सधैं चाडपर्वलाई लक्षित गरी ल्याइने सेवाग्राहीमुखी स्किम ल्याउन यसपटक हामी असमर्थ भयौं। तथापि, चाडपर्वमा दिनुपर्ने विशेष सेवाको व्यवस्था सदा झैं यसपटक पनि मिलाइएको छ। हामीले यस वर्ष पर्वलक्षित स्किममा खर्चिने श्रोत तथा साधनलाई कल्याणकारी कार्यमा लगाउने निर्णय गरेका छौं। हाम्रो यो प्रयासबाट थोरै भएपनि प्रभावित परिवारलाई आड भरोसा मिल्नेमा हामी विश्वस्त छौं। कम्पनीले आज जारी गरेको आह्वान-पत्रमा उल्लेख गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारी कम्पनीका आधिकारिक वेभ-साइटहरूमा उपलब्ध हुनेछन्।

आफ्नो स्थापना देखि नै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध यस कम्पनीले सेवा शुभारम्भको २०औं वर्षसम्ममा नेपालका शहरी तथा ग्रामिण क्षेत्रलाई समेटने गरी २ सय २४ आइएमई सेन्टर सहित ७७ जिल्लाका करिब १२ हजार सब एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् विदेशमा कार्यरत नेपालीहरूले दुःख गरी कमाएको रकम देशका विभिन्न भुगोलमा रहेका आफन्तको हातमा छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट वितरण गर्दै आइरहेको छ।

### सहकारीको साख बढाउन म्यानेजर्सहरूको भूमिका महत्वपूर्ण हुन्छ : सांसद केसी

बागलुङ। नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका उपाध्यक्ष तथा प्रतिनिधि सभाका सदस्य मनकुमारी जिसी केसीले आम समुदायको दुखको साथी बनेको सहकारी क्षेत्रको साख बढाउनका लागि म्यानेजर्सहरूको भूमिका प्रभावकारी बनाउनु पर्नेमा जोड दिनुभएको छ। कोअपरेटिभ म्यानेजर्स क्लव (सिएसी) बागलुङले सोमबार आयोजना गरेको जिल्ला सहकारी संघ तथा विषयगत सहकारी संघका अध्यक्षहरूसंगको परिचय तथा छलफल कार्यक्रमको उद्घाटन गर्दै सांसद केसीले यस्तो बताउनुभएको हो।

आम सहकारीकर्मीहरूको बल र मेहनतका कारण आज सहकारी क्षेत्र आम समुदायको विपदको साथी बन्दै गएको छ, सांसद केसीले भन्नुभयो-कतिपय सहकारीहरूका कारण यसलाई कमजोर बनाउने काम पनि हुँदै आएकोले यसको साख बचाउनका लागि म्यानेजर्सहरूको भूमिकालाई थप शसक्त बनाउनु पर्दछ। सहकारी अभियानलाई बलियो बनाउनका लागि अभियानकर्मीहरूको ऐक्यबद्धता जोड दिंदै सांसद केसीले क्षणिक फाइदाका लागि अभियानलाई कमजोर बनाउने काम गर्न नहुने बताउनुभयो। उहाँले सहकारी ऐनको कार्यान्वयनमा जोड दिंदै ऐनमा भएका कमी कमजोरी सच्याएर अगाडि बढ्नु पर्ने बताउनुभयो।

कार्यक्रममा अन्य वक्ताहरूले सहकारीका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्दै सहकारी अभियानलाई थप प्रभावकारी बनाउन म्यानेजर्स क्लवको भूमिका प्रभावकारी बनाउन सुझाव दिनु भएको थियो। उहाँहरूले सहकारी ऐनको कार्यान्वयन लगायत सहकारीप्रति जनताको आकर्षण बढाउनका लागि अग्रमोर्चामा रहेर काम गर्ने कर्मचारीहरूको भूमिका हुने भएकाले क्लवले त्यस्ता विषयमा ध्यान दिनु पर्नेमा जोड दिनु भएको थियो।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक हुमा कुमारी जि.सी.(अञ्जु), राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसी, नेपाल सूचना तथा सञ्चार केन्द्रीय सहकारी संघका लेखा सदस्य खीम बहादुर कार्की, जिल्ला सहकारी संघ बागलुङका अध्यक्ष दिपक गौतम, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष दुर्गा बहादुर कुँवर, कृषि सहकारी संघका सचिव गंगा बहादुर थापा, नेपाल पत्रकार महासंघका सचिव राम थापा अविरल, राष्ट्रिय सहकारी बैंक बागलुङ शाखाका प्रमुख युवराज त्रिपाठी लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो।

### सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु

काठमाडौं। स्याङ्जा, भिरकोट नगरपालिका-१ दार्सिङमा बस र मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार बालिङ नगरपालिका १ रामबाच्छा बस्ने ५५ वर्षीय ढालबहादुर राना र कपिलवस्तु घर भएका ३१ वर्षीय ध्रुव भन्ने गुप्त बहादुर खत्रीको मृत्यु भएको छ। मकवानपुर, हेटौंडा उपमहानगरपालिका १८ भोर्लेमा ट्याक्टरको ठक्करबाट पैदलयात्री सोही उपमहानगरपालिका १७ बस्ने अन्दाजी २९ वर्षीया शर्मिला विश्वकर्माको शुक्रबार साँझ घटनास्थलमै मृत्यु भएको हो।

### डुबेर मृत्यु

काठमाडौं। कैलाली, जानकी गाउँपालिका ९ जगतपुर बस्ने रमेश सार्कीकी १८ महिनाकी छोरी निलम सार्की आफ्नै घर आँगनमा खेल्ने क्रममा घर नजिकैको पानीको कुलोमा डुबेर शुक्रबार साँझ मृत्यु भएको छ। डुबेर बेहोस भएकी उनको उद्धार गरी उपचारको लागि टिकापुर अस्पतालतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Tutelary = संरक्षकत्व By using his tutelary authority, he did not grant me the permission to resign (आफूलाई संरक्षक ठानी उसले मलाई राजीनामा दिने अनुमति दिएन)

Unwieldy = राम्ररी नबानेको, अव्यवस्थित An unwieldy carton is always difficult to carry (राम्ररी नबानेको कार्टुन बोकेर हिँड्न गाह्रो हुन्छ)

Voluble = नरोकिकन एकनासले बोल्ने A voluble speaker must have a glass of water in front because he continuously runs off at the mouth (नरोकिकन एकनासले बोल्ने मानिसको छेवमा एक ग्लास पानी हुनैपर्दछ किनकी बोल्दै जाँदा उसको मुख क्षण-क्षणमा सुक्छ)

Wry = घुमाउरो र हास्य पाराले भनेको His poems are very famous because they are wry (घुमाउरो किसिमबाट हँसाउने भएको हुँदा उसका कविताहरू ज्यादै लोकप्रिय छन्)

Anachronism = समयको भूल It is anachronism to say that Prithivi Narayan Shah had listened radio पृथ्वीनारायण शाहले रेडियो सुनेका थिए भन्नु समयको भूल हो (किनकी उनको बेलामा रेडियो आइपुगेकै थिएन)।

Bugaboo आधारहीन आतंक If we scare of such bugaboo, we will not be able to combat terrorism (यस्तो आधारहीन आतंकबाट डराउने हो भने हामीले आतंकवादसंग लड्न सक्दैनौं)

Compliant = खुरुक्क मान्ने The government gave into the demands of the opposition as compliant (सरकारले प्रतिपक्षको मागलाई दायाँ बायाँ नगरी खुरुक्क मान्यो)

Disabuse = नकारात्मक सोचाइ सुधार्नु He will try to disabuse his girl friend of her false assumption -उसले आफ्नी केटी साथीले पालेको भ्रम सुधार्न कोसिस गर्ने छ )

Eulogy = प्रशंसाको अभिव्यक्ति His latest film brought eulogies even from his critics (उसको पछिल्लो सिनेमाले उसैका आलोचकहरूबाट समेत प्रशंसा बटुल्न सफल भयो)

Fusillade = तोप वा गोलीको वर्षा The assumption of office of new commander was welcomed by fussilade (नयाँ कमाण्डरको पद वहालीको खुसियालीमा लगातार तोप पड्काइयो)

## Turn बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Turn on = लगाउनु The police turned water canon on the rioters -प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहरा लगायो)

Turn direction = तिर लाग्नु The river turns north from this point (यो बिन्दुबाट नदी उत्तरतर्फ लाग्छ )

Turn attention = ध्यान मोड्नु Lets turn our attention again back to the seminar's theme हामी हाम्रो ध्यानलाई फेरि सेमिनारको विषयवस्तुतर्फ मोडौं।

Turn into = परिवर्तन हुनु Turning caterpillar into butterflies is a natural wonder भुसिलकिरा पुतलीमा परिवर्तन हुनु प्राकृतिक चमत्कार हो।

Turn into = परिणत हुनु The fate has turned him into a millionair भाग्यले उसलाई करोडपतिमा परिणत गरिदियो)।

Turn the stomach = बिगार्नु The spicy food turned his stomach very much so that he could not sleep the whole night (मसलेदार खानाले उसको पेट बिगारेको कारण ऊ रातभर निदाउन सकेन)

Turn round = बटार्नु As I asked money, she turned round पैसा माग्नेबित्तिकै तिनले मुन्टो बटारिन्।

Turn away = टाढै बस्नु She simply turns away when she encounters violence हिंसाबाट तिनी सधैं टाढै बस्छिन्।

Turn somebody away = हटाउनु Police turned away the crowd willing to enter into the stadium रंगशाला प्रवेश गर्न खोज्ने भीडलाई प्रहरीले हटायो।

Turn somebody away = नदेखे जस्तो गर्नु She is kind and does not turn the beggar away तिनी दयालु छिन् र माग्नेलाई नदेखेजस्तो गर्दिनन्।

## कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाइका साथ निरुत्साहित गरौं।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सुडोकु-अंक २०१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | ४ | | ९ | | ३ | | |
| | | ५ | १ | ८ | | | ४ | |
| | | | ६ | | | ९ | | |
| | | | | | ८ | | २ | |
| | | ३ | | | | ८ | | |
| | ५ | | ३ | | | | | |
| | | १ | | | ५ | | | |
| | ४ | | | १ | ९ | ६ | | |
| | | ८ | | ४ | | ५ | | ७ |

## अंक २०० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ३ | ८ | ४ | २ | १ | ६ | ५ | ९ |
| ६ | २ | १ | ३ | ५ | ९ | ४ | ८ | ७ |
| ९ | ५ | ४ | ७ | ६ | ८ | १ | २ | ३ |
| ८ | ६ | ३ | ९ | ४ | ५ | ७ | १ | २ |
| १ | ४ | २ | ८ | ७ | ६ | ९ | ३ | ५ |
| ५ | ७ | ९ | १ | ३ | २ | ८ | ६ | ४ |
| ३ | ८ | ७ | २ | १ | ४ | ५ | ९ | ६ |
| २ | ९ | ६ | ५ | ८ | ७ | ३ | ४ | १ |
| ४ | १ | ५ | ६ | ९ | ३ | २ | ७ | ८ |

# Speech Delivered by Kim Jong Un, at the Military Parade Held in Celebration of the 75th Anniversary of the Founding of the WPK



*All the people and service personnel of the country, who are greeting the auspicious October holiday,*

*Officers and men of the Public Security Forces and members of the Worker-Peasant Red Guards and Young Red Guards,*

*Delegates to the celebrations of the 75th anniversary of the founding of the Workers' Party of Korea and Pyongyang citizens,*

*Officers and men of the units participating in the military parade held in celebration of the glorious October holiday,*

**Dear comrades,**

The founding anniversary of our glorious Party has come.

The night of great glory has come.

At last on this glorious night we are greeting the Party's founding anniversary of this year, which was beset with unprecedented difficulties; I don't know why, but this fact alone moves me too much.

Greeting the 75th founding anniversary of our great Party, I, on behalf of the Central Committee of the Workers' Party of Korea, extend heartfelt congratulations to all those who have glorified this October holiday with great honour and pride.

I extend warm thanks and congratulations to all our people.

**Comrades,**

On this night of the great holiday, the streets in the capital city and this square are so splendid and seethe with pleasure and pride, but we must not forget that this glorious moment of today is being defended by the many Party members, workers and service personnel of our revolutionary armed forces who are performing unassuming efforts and devotion across the country.

How many people have made devoted efforts overcoming harsh circumstances this year so as to bring about and defend this glorious moment of today!

How many challenges have we overcome to come as far as here!

In particular, our service personnel performed devotion on the anti-epidemic front and the front of removing the aftereffects of natural disasters which we had to face this year unexpectedly. No one would approach their patriotic and heroic devotion without shedding tears of gratitude.

They would say that defending their country, people and revolution is a task inherent to the People's Army, but the pains they have taken are too great.

They have undertaken to perform too many tasks and have taken too great pains.

This is why I feel deep regret for them, and I feel pain in my heart as they are not all here at this glorious night with us.

At this very moment, many of our service personnel are courageously striving on the anti-epidemic front and at the rehabilitation project sites far away from this glorious Kim Il Sung Square in defence of the security of the state and safety of the people.

Our army is performing its mission as a motive force of national defence with such credit in the face of unforeseen challenges posed by the epidemic and the forces of nature, as well as the military threats by the hostile forces.

I extend the highest tribute to their ardent loyal and filial devotion to our state and people and warm thanks to all the service personnel.

I also offer my militant encouragement and thanks to my most dependable combatants of the divisions of the WPK members from the capital city, our hardcore force. They are patriots who deserve to be present here, but they volunteered, after completing their tasks in rehabilitation projects, to other disaster areas instead of returning to Pyongyang where there are their dear homes.

My militant greetings and thanks go also to other working people across the country.

I hope that only happiness and joy will come to the families that have settled down in new villages and homes after getting rid of the aftereffects of the natural calamities, and to other families across the country.

I hope that our children's happy dreams will come true all the time.

